# अध्याय - एक

## १.१ अध्ययनको पृष्ठभुमि

शिक्षा शब्द “शिक्ष” धातुमा “अ” प्रत्यय लागेर बनेको शब्द हो, जसको अर्थ सिकाउनु हुन्छ। सामान्यतया कुनै विषयको ज्ञान दिनु वा व्यक्तिलाई कुनै सीप गुण एवं व्यवहार सिकाउनु नै शिक्षा हो । शिक्षाले मानिसको जीवनमा साकारात्मक परिवर्तन ल्याउछन् । शिक्षालाई प्राविधिक रुपमा उल्लेख गर्नुपर्दा व्यक्तिमा लुकेर रहेको क्षमतालाई बाहिर निकाल्नु र क्रमशः विकसित गर्द लैजाने प्रक्रियाको रुपमा लिन सकिन्छ । मानिसमा भएका क्षमताहरुको विकास गरी एउटा सक्षम व्यक्ति बनाउने प्रक्रिया शिक्षाहो । मानव सभ्यताको निरन्तर र समृद्धिको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेल्दछ। बालबालिकाहरुलाई विभिन्न प्रकारको अनुभव दिने र परिपक्व बनाउदै परिवार, समुदाय र राष्ट्रको लागि उपयुक्त जनशक्तिका रुपमा प्रस्तुत गराउँने काम शिक्षाको हो। राष्ट्रलाई आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने महत्वपूर्ण जिम्मेवारी शिक्षाले लिएको हुन्छ। यस शब्दको उत्पति कसरी भयो भन्ने बारेमा विभिन्न तर्कहरु आउने गर्दछ। शिक्षक भनेको शिक्षा दिने वा विद्यालयमा पढाउने व्यक्ति अध्यापकलाई भनिन्छ । शिक्षकलाई गुरु पनि भनिन्छ । “गु” को अर्थ अन्धकार र “रु” को अर्थ हटाउने हो। अन्धकार हटाउनेहरुलाई गुरु भनिन्छ। (बराल,२०६५)।

नेपाल गाउँ नै गाउँले बनेको विकासोन्मुख राष्ट्र हो । प्रशासनिक रुपमा नेपलको वर्तमान सँविधनले व्यवस्थ गरेको तीन तहको राज्यको सँरचना मध्ये स्थानीय तहको जम्मा सँख्या ७५३ कायम भएको छ। जसमध्य ७५ जिल्लाहरु लाई ७७ वटा जिल्ला कायम गरेको छ , नवलपरासी लाई २ जिल्ल र रुकुमलाई २ जिल्लामा कायम गरेको छ। जम्मा सात प्रदेशमा विभाजन गरेको छ , ती तल प्रस्तुत गरेको छ।

प्रदेश नं.-१-१४ जिल्ला

प्रदेश नं.-२-८ जिल्ला

प्रदेश नं.-३-१३ जिल्ला

प्रदेश नं.- ४-११ जिल्ला

प्रदेश नं.- ५ - १२ जिल्ला

प्रदेश नं.-६ - १० जिल्ला

प्रदेश नं.-७ - ९ जिल्ला

यस प्रकार ७७ स्थानीय निकायलाई पनि निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

१. महानगरपालिका - ६ वटा

२. उप- महानगरपालिका - ११ वटा

३. नगरपालिका - २७६ वटा

४. गाउँपालिका - ४६० वटा

२०६८ सालको राष्ट्रिय जनगणना अनुसार नेपालको कुल जनसंख्या २,६४,९४,५०४ रहेको छ । कुल जनसंख्याको करिब ८० प्रतिशत जनता कृषि पेशामा संलग्छन् । अन्य विकसित देशका जनताको जीवनस्तरको तुलनामा नेपाली जनता अति नै पिछडीएको अवस्थामा छन् । यसमा पनि आधाभन्दा बढिजनसङ्ख्यामा ६५.६ प्रतिशत जनतामात्र साक्षर रहेको र त्यसमा पुरुष साक्षरता ७१ प्रतिशत र महिला साक्षरता ४४ प्रतिशत मात्र रहेको छ । यसरी महिलाको शैक्षिक स्थिति ज्यादै न्यून देखिन्छ । नेपालकोकुल जनसंख्याको आधाभन्दा बढी भाग ओगटेको महिला समुदाय शिक्षित नभएसम्म देश विकासको कल्पना गर्न सकिदैन । एक जना पुरुष शिक्षित भएमा उएकलै मात्र साक्षर भएको ठहरिन्छ । तर एकजना महिला शिक्षित भएमा उनले आफ्नो परिवारलाई नै शिक्षित बनाउने र सुमार्गमा हिडाउछे ।

महिलावादी आन्दोनल सन् १८३० मा सर्वप्रथम अमेरिकी महिलाहरु दासताका विरुद्ध संगठीत भएर आवाज उठाएको पाईन्छ । यसैगरी औद्योगिक क्रान्तिपछि यूरोप तथा अमेरीकी महिलाहरुले घर बाहिरका आम्दानी हुने क्षेत्रमा काम गर्ने वातावरणको सिर्जना भए पनि ज्याला, सम्मान तथा स्वतन्त्रताका सवालमा पुरुष सरहको व्यवहार प्राप्त हुन सकेको थिएनन् । महिला आन्दोलनका विभिन्न दवाबहरुकै कारण सर्व प्रथम न्युजिल्याण्डले सन् १८९३ मा महिलाहरुलाई मताधिकार दियो । यसपछि सन् १९५० सम्म यूरोपियन, अमेरिकन तथा अन्य राष्ट्रमा महिलालाई मताधिकार दिइयो । सन् १०६० को दशकमा महिला सम्मेलन बढी संगठीत भएको पाईन्छ । यस समयमा उत्तरका महिलाहरु (विशेषगरी एसिया र अफ्रिका) शैक्षिक विभेद तथा काममा विभेदका

विरुद्ध कानूनी अधिकारका लागि संघर्ष शुरु गरे । सन् १९६० को दशकमा नारीबादी आन्दोलनमा स्वायत्तताको लागि संघर्ष अगाडी बढाईयो । यस्तो स्वायत्तता पुरुषहरुबाट तथा पितृप्रधान समाजबाट भएको नियन्त्रणबाट छुटकारा पाउनु पर्नेमा केन्द्रित थियो । ( आचार्य, २०६७)

सन् २०११को राष्ट्रिय जनगणना अनुसार समग्र देशको साक्षारताको स्थिति ६५.९ प्रतिशत रहेको छ । त्यसमा पनि महिलाको स्थिति ४४.४ प्रतिशत रहेको छ भने पुरुषको साक्षारताको स्थिति ५६.६ प्रतिशत रहेको छ । अनौपचारीक कक्षा जति नै चलाएपनि खासै प्रगति देखिदैन् । एन.एच.डि.आर, १९९८ को अनुसार नेपालमा महिला साक्षरता २४ प्रतिशत छ जबकि पुरुष साक्षरता ५० प्रतिशत छ । २महिला मध्ये १ महिला मात्र साक्षर छन् । साक्षारता कक्षाहरुमा पहिला शुरुमा बालिकाको भनी नै कम मात्र हुन्छ र पछि बीचमा कक्षा छाडनेहरु पनि धेरै हुन्छन् । त्यसैले उच्च शिक्षा, कलेज तहमा हेर्ने हो भन्ने १९९१ मा प्रत्येक ६ पुरुषको बीचमा १ जना महिला मात्रै कलेजमा आएका हुन्छन् । यसरी नेपाली महिलाहरु शैक्षिक स्थितिबाट निकै पछि परेका छन् ।

एशियाकै कुरा गर्ने हो भने सन् १९९९ सम्म माल्दिप्समा ९३ प्रतिशत, श्रीलंकामा ९० प्रतिशत , भारतमा ५१.५ प्रतिशत साक्षरताको स्थिति रहेको छ भने नेपालमा जम्मा २७ प्रतिशत मात्र साक्षारताको स्थिति रहेको छ  तथापी २०५४ सालसम्ममा तथा आठौँ योजनाको अन्तिम वर्ष सम्मको सरकारी आँकडा अनुसार कुल साक्षारता ४८ प्रतिशत छ ।  जसमा महिला साक्षरता ३० प्रतिशत र पुरुष साक्षरतामा ६६ प्रतिशत देखाएको छ । ( श्रेष्ठ, चौलागाई, सापकोटा, २०६६)

स्नेह , ममता, वात्सल्य र शिष्टाचार प्रथम शिक्षामा आमा हुन्थिन् । उनैबाट दुई, तिन वर्षसम्मका केटाकेटी समाजमा शिष्टाचारका पाठ पढ्थे । शिक्षाको पहिलो खुड्किलो घर हुन्थ्यो (गोपालनाथ शर्मा,भाग - १)

हिन्दु धर्म अनुसार नारीको सृष्टि ब्रह्माको अंशबाट भएको हो  भन्ने भनाई छ र पुरुष र नारीको सृष्टि एकै दिनमा भएको थियो भन्ने भनाई पनि छ र क्रिश्चियन

बाईबलमा पनि आदम र रुभको नामले पुरुष र नारी दुबै एक समयमा सृष्टि गरिएको थियो । ( अर्याल,२०६२)

नेपालको गाउँ गाउँमा अवसर अझसम्म पुग्न सकेको छैन् । "छोरी अर्काको घर जाने जात हो।" र उनीहरुलाई पढाउनु हुदैन् भन्ने सोच अझ सम्म पनि जनतामा विद्यमान छ । छोरीलाई भन्दा छोरालाई राम्रो स्कुलमा पढाउने , छोरीलाई घाँस, दाउँरा र घरायसीकामहरु बढी गर्न लगाउने, आमाबाबु जतिसुकै शिक्षित भएपनि छोरीको तुलनामा छोराको बढी चाहना गर्नु , छोरीलाई सरकारी स्कूलमा र छोरालाई राम्रो बोर्डिङ स्कूलमा  शिक्षा दिने प्रचलन गाउँदेखि शहरसम्मनै विद्यमान रहेको पाईन्छ ।अझ छोरीको पढाइमाहुने खर्चले उनीहरुलाई विहे गरिदिने सोचछन् । कतिपय समुदायमा झन छोरीलाई पढाएमा पोइल जान्छ, छोरीलाई पढाउनु हुदैन भन्ने भनाईहरु विभिन्न समुदायमा रहेको पाईन्छ ।

दक्षिण एशियाली राष्ट्रको परिपेक्ष्यमा भन्ने हो भने यहाँका महिलाहरुलाई उनीहरुको आफ्नै धर्म सामाजिक रुढीबाढी परम्पराले घेरिएको हुन्छ । महिला साक्षरता वृद्धिका निम्ति सरकारी तथा गैरसरकारी दुबै क्षेत्रबाट विविध कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । तर पनि यसले प्रभावकारी सफलता हासिल गर्न सकिरहेको छैनन् ।फलस्वरुप उनीहरुको अवस्था अझ जटिल छन् । शहर देखि गाउँ गाउँ सम्म शिक्षाको अवसर प्रदान गर्ने लक्ष्य अनुरुप विविध खालका औपचारिक तथा अनौपचारिक शिक्षाको प्रचार प्रसार गर्दै आइरहेको छ तर पनि लक्ष्य अनुसारको उपलब्ध देखिदैन । यसको मूल कारण भनेको अझै पनि ग्रामिण जनतामा छोरीलाई पढाउनु पर्छ भन्ने धारण र मानसिकताको विकास नभएकोले हो की ?

नेपालको महिलाहरु आफ्नो पुरुष समकक्षी भन्दा बढी समय काम गर्छन उनिहरु दैनिक औषत ११ घण्टा काममा संलग्न रहने गरेका छन् । ( न्यौपाने,२०६०)

समाजमा महिलाको  अवस्था पहिचान गर्न साक्षरता र शैक्षिक योग्यता प्रमुख चिन्ह हो । अहिलेको आधुनिक , विकसित यूगमा भएपनि साक्षरता र शैक्षिक योग्यतालाई महिलाको रोजगारीको रुपमामात्र लिईएको छ तर रोजगारीको रुपमा मात्र नभई घरभित्रको मानिसहरु र घर बाहिरका मानिसहरु  सँग राम्रोसँग कुराकानी गर्नसक्नु पनि

हो पुरुषहरुको अनुपस्थितिमा पनि एउटी शिक्षित महिलाले सबै मानिसहरु र घर बाहिरका मानिसहरु सँग राम्रोसँग कुराकानी गर्नसक्नु पनि हो पुरुषहरुको अनुपस्थितिमा पनि एउटी शिक्षित महिलाले आफ्नो घरपरिवार विशेषगरी श्रीमान् बाट राम्रो ईज्जत, माया, शिक्षित महिलाले पाउँछन् भने अशिक्षित महिलाले पाउँन सक्दैन् त्यतिमात्र नभई आजकल विवाहको सन्दर्भमा पनि शिक्षाभनेको हरेक नारीहरुलाई एकदमै नभई नहुने विषय भएकोछ। ( Acharya 1994)

आज हामी २१ औं शताब्दीमा छौ यो शताब्दी आर्थिक विकासमा प्रतिस्पर्धाको तथा प्रजतान्त्रिक मूल्य मान्यता, मानव अधिकार, लैङ्गिक समानता, बाल अधिकार, पर्यावरण संरक्षण र सूचना प्रवाहको सर्वव्यापक्ताको हुनेछ । यी सबैको लागि उच्च प्रविधि र ज्ञान विज्ञानको सामार्थ्य हासिल गर्नु गतिशिल राष्ट्रको यथार्थसँग गाँसेर मात्र मूलुकको विकासलाई अघि बढाँउन सकिन्छ । आज विज्ञान प्रविधि तथा मानव संसाधनको क्षेत्रमा नै जनशक्तिको कमी छ। आज हामीमा व्यवस्थापकीय क्षमता ज्यादै कमजोर देखा परेको छ। जसले हाम्रो छिमेकी मुलुकको तुलनामा पनि पछि परि सकेको छ । तसर्थ यस्तो नाजुक स्थितिबाट आर्थिक पक्षमा कसरी प्रतिस्पर्धा गर्ने भन्ने तर्फ ध्यान पुग्न नसकेको देखिन्छ।

## १.२ समस्याको कथन

नेपाल बहुभाषी, बहुधार्मिक, बहुसाँस्कृतिक, बहुजाति भएका देशमा महिला समुदाय अझै अशिक्षा र अज्ञानताको अन्धकारमा रहेकाछन् । यसले गर्दा एकातिर पारिवारिक सुख-सुविधा र सन्तुष्टिको स्थितिबाट समाज बञ्चित छ भने अर्को तिर यसले देश विकासमा समेत ठूलो अवरोध सृजना गरेको छ । देश विकासका लागि महिला र पुरुष दुबै शिक्षित हुन आवश्यक देखिन्छ ।

यसै सन्दर्भमा विभिन्न गाउँहरु मध्ये सिरहा जिल्ला गोलबाजार न.पा. २ का महिलाहरुको शैक्षिक तथा आर्थिक स्थिति अध्ययन गर्नु र उनिहरुको शैक्षिक स्थिति पुरुषको तुलनामा पछि पर्नुको के कति कारणहरु छन् ती कारणहरुलाई खोत्ल्नु यस शोध अध्ययनको प्रमुख उद्देश्य रहेको छ । सामाजिक जन जीवन र शिक्षाको विस्तार बीचको अन्तर सम्ब्न्ध र यी दूई बीचको अन्तरविरोधलाई केलाउने प्रयास गरिएको छ । जसअन्तर्गत निम्न लिखित  प्रश्नहरुको जवाफ खोज्ने प्रयास गरिएको छु ।

१. सिरहा जिल्ला गोलबजार न.पा. वडा नं.२तेतरीया गाउँमा महिलाहरुलाई शिक्षा हासिल गर्न के कस्ता आर्थिक,सामाजिक तथा साँस्कृतिक तत्वहरुले कस्ता असर पुऱ्याउन सक्छ?

२. परिवारिक कारणहरु के के हुन्?

३. महिला शिक्षा प्रति त्यस न.पा.का मानिसहरुको घारणा के छ ?

## १.३ अध्ययनको उदेश्य

यस शोध अध्ययनको सामान्यतया उद्देश्य  जिल्लासिरहा जिल्ला गोलबजार न.पा. वाडा नं.२ तेतरीया गाउँकामहिलाहरुको शैक्षिक स्थिति र यसले पारेका असरहरुको बारेमा जानकारी गर्नु रहेतापनि विशेष उदेश्यलाई निम्न अनुसार बुँदागत रुपमा प्रस्तिुत गरिएको छ ।

१. तेतरीया गाउँका महिलाहरुको शैक्षिक तथा आर्थिक अवस्थाको अध्ययन र शैक्षिक स्तरको पहिचान गर्नु ।

२. शैक्षिक तथा आर्थिक स्तर वृद्धिमा सामाजिक तथा आर्थिक पक्षले पार्ने प्रभवको अध्ययन गर्नु ।

३. महिलाहरुलाई शिक्षा आर्जनमा सँस्कृतिले पार्ने प्रभवको अध्ययन गर्नु ।

## १.४ अध्ययनको महत्व

नेपालको जनसँख्याको आधाभन्दा वढी भाग ओगटेको महिलाहरुले स्थिति दयनीय छ । शहरमा यसले केही प्रतिशत महिलाहरु बाहेक अधिकाँश गाउँले महिलाहरुको अवस्था सोचनीय छ ।

त्यसकारण महिलाहरुको शैक्षिक अवस्थाको अध्ययन गर्ने उद्देश्यले तेतरीया गाउँकामहिलाहरु शिक्षामा पछाडि पर्नुका कारणहरु खोतल्ने र बुझ्ने प्रयास गरिएको छ । यस न.पा. का महिलाहरुको शैक्षिक तथा आर्थिक अवस्था कसैले अध्ययन् नगरिएकोले पनि यसको महत्व रहेकोछ । साथै यस विषयमा अध्ययन अनुसन्धान गर्न चाहने जोसुकै वा जनुसुकै निकायको कार्मचारी तथा सर्वसाधारण र अन्य विद्यार्थीहरुलाई पनि यसले जानकारी दिएको छ । शैक्षिक तथा आर्थिक अवस्थाको विषयमा गरिएको यस अध्ययनले त्याहाँका महिलाहरुको शैक्षिक तथा आर्थिक गतिविधि र अवस्थाको जानकारी दिइएको छ । साथै यस अध्ययनले अनुसंधानबाट पत्ता लागेको तथ्यहरुबाट नीतिनिमार्ण गर्ने संबन्धित निकायलाई सजिलो पर्छ । जसले गर्दासरकारी , गैरसरकारी संस्थाहरुको समय, धन र जनशक्तिको बचत हुन सक्छ ।

## १.५ अध्ययनको सीमाकँन

कुनै पनि अध्ययनको आफ्नै सीमा हुन्छ । यस अध्ययनमा पनि निम्न सीमाहरु रहनेछन् ।

१. यो अधययन सिरहा जिल्ला गोलबजार न.पा. वाडा नं.२तेतरीया गाउँमा रहेको महिलाहरुको वर्तमानको शैक्षिक तथा आर्थिक अवस्थामा केन्द्रित रहनेछ ।

२. महिलाको शैक्षिक तथा आर्थिक अवस्थाको मात्र अध्ययन गरिएको छ । यसमा अन्य ( सामाजिक, धार्मिक) पक्षलाई समावेश गरिएको छैन् ।

३. यस अध्ययनको परिणामले सम्पूर्ण महिला शिक्षाको स्तर र अवस्था प्रतिनिधित्व गर्न सक्दछ भन्न सकिदैन् ।

## अध्याय दुई

## सन्दर्भ ग्रन्थको पुनरावलोकन

नेपालमा महिला शिक्षाको औपचारिक शरुवात राणा प्रधान मन्त्री वीर शमशेरको पालामा भारतबाट गंगाबाई आएर ठमेलमा “आधारभूत प्राथमिक शिक्षा” शुरुवात गरेका थिए । वि.सं. १९८० मा प्रधान मन्त्री चन्द्रशमशेरले काठमाण्डौंको ढोकाटोलमा कन्या पाठशालाको स्थापना गरेकाले महिलालाई शिक्षा दिन सजिलो भएको थियो । वि.सं. १९७५ मा स्थापना भएका त्रिचन्द्र कलेजमा महिलाको लागि बन्देज नलागइए तापनि वि.सं. २००४ सालमा मात्र ४ जना महिला भर्ना भएको देखिन्छ ( भट्टराई, २०५५)

विश्वको आधा जनसंख्या ओगटने र आधा आकाश ढ्याप्पै ढाक्ने नारीहरु आज हाम्रो देशमा अशिक्षित भएकै कारणले समाजबाट शोषित भइरहेको छन् । नारीको सक्रिय सहभागिता विना देश विकास गरी समाजको उत्थान गर्न खोज्नु बालुवामा पानी हालेजस्तो हुन्छ । समयको परिवर्तन सँगै शहरमा बस्ने धेरै नारीहरु शिक्षित हुँदै गएपनि दुर्गम गाउँमा बस्ने नारीहरु अझै पनि अशिक्षाको भूमरीमा रुपमलिरहेका छन् । अहिलेको युगमा पनि दुर्गम गाउँका मानिसहरु नारीलाई केवल दिनरात काम गर्ने र सन्तान जन्माउने मेसिनको रुपमा मात्र हेर्दछन् । अर्काको घरजाने जात त हो नि भनेर छोरी चेलीलाई पाखा गरिन्छ । जवसम्म यस्तो कुरीतिको अन्त्य हुदैन् , तबसम्म देशको विकासले सफलताको शिखर चुम्न सक्दैन् । नारीहरु शिक्षित भएका मुलुकहरु निकै विकसित र सम्पन्न भइसकेका छन् भने नारीहर अशिक्षित भएका मुलुकहरु अझै पनि पछौटेपनले ग्रस्त छन् (नकर्मी २०६१) ।

हिन्दु धर्ममा पुरुष र महिला बीचमा असमानताका धब्बाहरु निके सल्बलाएको पाईन्छ । एउटै मार्गबाट जन्मेको पुरुष र महिला बीचमा पनि देवता र सामान्य व्यक्तिको व्यवहार हुनपर्ने कुरालाई जोड दिइएको छ । धार्मिक ग्रन्थहरुका अनुसार पुरुष महिलाको देवता, र स्वामी हो । पुरुषद्धारा महिलले मुक्ति पाउन सक्छन् । एउटी महिलाको श्रीमान् जीवित हउञ्जेल उनको तीर्थस्थल श्रीमान्, धार्मिक कार्य भनेको श्रीमान्को सेवा गर्नु हो । पुरुषको इच्छा विपरित केही गर्न नहुने, स्वतन्त्र हुन नपाउँने,

अज्ञाकारी , कर्तव्य परायण हुनुपर्ने कुरालाईं जोड दिइएको छ । (श्रेष्ठ, चौलागाई, सापकोटा , २०६६)

सशक्तिकरण एउटा बहुपक्षीय हो जसले व्यक्ति तथा समूहहरुलाई सक्षम तथा आफ्नो पहिचान र शक्तिमा शाक्रिय बनाउन सहयोग गर्दछ । महिलाहरुको सशक्तिकरणको लागि सकारले कल्याणकारी योजनाहरु नीतिगतरुपमा लागु गर्नुपर्दछ । महिलाहरु सशक्तिकरण भएमा सिङ्गो राष्ट्र तथा समाज एवं परिवार सशक्त हुन सक्दछ । महिलाहरुको सामाजिक अवस्था माथि उठाउँन सशक्तिकरणले महत्वपूर्ण भूमिका खेल्दछ ( Pillal, 1995)

विशेषगरी महिलाको अवस्थाको कुरागर्दा साक्षरता उनीहरुको आर्थिक , सामाजिक अवस्थाको निर्णायक मानिन्छ । अन्य अल्पविकसित राष्ट्रहरु जस्तै नेपालमा पुरुषको तुलनामा महिलाहरुको साक्षरता दर न्यून रहेको पाईन्छ । ६ देखि १० वर्ष उमेर समूहका स्कूलजानबाट वञ्चितबालबालिकाहरुको अवस्था हेर्दा बालिकाहरुको संख्या थोरै रहेको छ । १९५२ देखि १९५४ को भन्दा महिलाको साक्षरतादर १९७१ देखि १९८१ सम्म ११.५ प्रतिशतको दरले बढेको देखिन्छ । ( Shrestha, 1995)

विकासमा महिला उपागमको विकास सन् १९७० को प्रारम्भमा भएको हो । बास्तबमा विकास प्रक्रियमा महिलाको महत्वपूर्ण भूमिका हुने हुदाँ विकासको मूलधारमा महिलालाई समावेश गर्नु पर्ने र उनीहरुलाई समुचित स्थानदिनु मान्यता बीच उपागमले राखेको छ । उनीहरुलाई पुनर्उत्पादन क्षेत्रबाट निकाली उत्पादक क्षेत्र,बजार, श्रमशक्ति, आम्दानी, सिर्जनाको क्षेत्रमा महिला सहभागिता, सक्रिय रुपमा हुनुपर्नेमा जोड दिएका छन् ।

त्यसैगरी कानूनी समान्ता, शिक्षामा समान पहुँच, सिप तालिम आदिद्धारा महिलालाई रोजगार , महिलाको कामकार्यको लागि सहयोग पुऱ्याउने मेसिन निर्माण गरेर,महिलाको ऋण वा कर्जामा पहुँच पुऱ्याउने विकास कार्यक्रम सञ्चालन गरेर महिला विकास गर्न सकिन्छ ।

विकास महिलाउपागमले महिलाको वास्तविक उन्नति गर्न नसकेको र विकासको मूल प्रवाहमा उनीहरुलाई समाहित गर्ने नसकेको भन्ने आलोचना गर्दै

सन्१९७०को उत्तरार्द्धमा महिला र विकास नामक उपागम देखा पऱ्यो । यस उपागामका अनुसार महिलाहरु पहिला देखि विकास प्रक्रियमा समाहित हुदै आएको हुँदा विकासमा महिला सहभागिता मात्र केन्द्रित नभएर विकास प्रक्रिया र महिला बीचको सम्बन्धलाई व्यवस्थित गर्नुपर्दछ । विभिन्न स्रोत, साधनको र अवसरको महिला र पुरुष बीच पुनःवितरण हुनुपर्दछ ।

अनिमात्र महिलाहरु स्वः निर्भरताको पथमा अग्रसर हुन सक्दछन् । विकास प्रक्रियामा महिलाहरु सहभागिता हुँदै आएपनि पुरुषले महिलाको यौनिकता माथि नियन्त्रण गरेको कारण सम्पतिमा महिलाको पहुँच नभएको कारण महिला निम्न अवस्थामा रकेको छन् । समाजमा महिला माथि विभिन्न किसिमका हिँसाहरु, बालविवाह, बहुविवाह, कुटपिट, यौनशोषण, बेचबिखन, भेदभाव, दासप्रथा, सतिप्रथा, झुमा प्रथा, कुमारी प्रथा विद्यमान छन् । जसले महिलाहरुलाई प्रत्यक्ष-अप्रत्यक्षरुपमा शारीरिक, मानसिक प्रभाव, पारिरहेका छन् । यस्ता खालको महिला विरुद्धको हिँसाहरु अन्त्य गर्नु पर्दछ ।

उत्पादन तथा पुर्नउत्पादनमा महिलाको भूमिका उच्च रहदा रहदै पनि उचित मूल्याङ्कन गर्न सकिएको छैन् । सम्पति तथा स्रोत र साधन जीवन मापनको आधार हो । मानिसको जीवन सञ्चालन गर्नु प्राथमिक उर्जा हुनु । जसको अभावले मानिसको जिवनले गतिशील पाउँदैन् सम्पत्ति तथा स्रोत र साधनको भूमिका निर्वाह गर्दछन् । फलस्वरुप महिलाहरु जीवनका हरेक पक्षमा पछि परेका छन् । त्यसैले सम्पतिमा महिलाको पहुँच हुनु पर्ने , सम्पति पुनः वितरण हुनुपर्नेमा जोड दिएका छन् ।

सन् १९७० को प्रारम्भमा देखा परेको विकासमा महिला उपागमले महिलाको अवस्थालाई सुधारगर्न सकेनन् । विकास प्रक्रियामा महिलालाई मात्र समाहित गर्दा महिलाको दिगो विकास नभएकोले महिला र पुरुष दुवैलाई विकास प्रक्रियामा समतामूलक ढङ्गले सहमति गर्न सकेमा मात्र दिगो विकास हुन्छ भन्ने अवधारणा देखा पऱ्यो ।

यस उपागमले महिला र पुरुषबीच असमान शक्ति सम्बन्ध रहेको कुरालाई प्रष्टाएको छ । असमान शक्ति सम्बन्धको कारण पुरुष शक्तिशाली र शक्तिहीन अवस्थामा रहेका हुन महिला र पुरुषवीचको शक्ति सम्बन्धलाई समतामूलक बनाउनु

पर्दछ । जसका समाजमा विभिन्न पक्षमा सुधार, परिवर्तन, सहभागीतामा जोड दिनुपर्दछ , महिलाको आवाज बुलन्द गर्ने संगठनको निर्माण र सांगठनिक सक्रियता हुनुपर्दछ, महिला हक हित र अधिकार सम्बन्धी कानुन ऐन नियम सुधार गर्नु पर्दछ । महिलालाई राजनीतिक सहभागितामा वृद्धि गर्नु पर्दछ । महिला र पुरुषको परिवारिक वा सामुदायिक दुबै क्षेत्रमा तनाव, समस्या रअवसरहरुलाइ समान रुपले वितरण गर्नुपर्दछ, महिला र पुरुषको समन्वय, सह अस्तित्व र समझदारीमा लैङ्गिक समतामुलक समाजको समाजको निर्माणगर्नु पर्ने कुरालाई जोड दिन्छ (अर्याल २०६२) ।

पञ्चायती व्यवस्था भन्दा अघिको समय राजनैतिक रुपमा राणाकालीन समय अत्यन्तै क्रूर, दमनकारी र जहाँनिया पद्धतिमा चलने एउटा परिपाटी मात्र थियो । यही दमनकारी नीतिका कारण यसका विरुद्धमा नेपाली समाज संगठीत हुन परेको थियो । वि.सं. १९७४ मा दिव्यादेवी कोइराला, दुर्गादेवी दिक्षित, मेलवादेवी र योगमाया कोइरालाको संयोजकत्वमा नेपालको इतिहासमा पहिलो महिला समिति गठन भयो यसै गरी वि.सं. २००२ मा चन्द्रकान्ता मल्लले नारी जागरण स्थापना गरी त्यसबाट महिला विभेदका लागि चेतनामुलक कार्यक्रम सञ्चालन गरियो । यस पछि वि.सं.२००४ मा मंगलादेवि सिंहको अध्यक्षतामा महिला संघको स्थापना भयो । सन् १९५० मा पुन्यप्रभा देवीको अध्यक्षतामा अखिल नेपाल महिला संघको गठन भयो । वि.सं. २००८ सालमा राजा त्रिभुवनले बनाएको २५ सदस्यीय सल्लाहकार सभामा एकजना महिलाको पनि प्रतिनिधित्व नगराइएकोले महिला संगठनले विरोध गरे । परिणाम स्वरुप वि.सं. २०११ पुनः गठित सल्लाहकार सभामा ४ जना महिलालाई प्रतिनिधित्व गराईयो । वि.सं. २०१५ सालमा प्रतिनिधि सभाको पहिलो महिला प्रधान मन्त्रि बनिन्

वि.सं. २०१७ सालमा राजा महेन्द्रबाट प्रजातान्त्रिक सरकारलाई विघटन गरी दलविहीन पञ्चायती व्यवस्थाको शुरुवातको भइसकेकी नेपाली महिला आन्दोलन त्यसबाट प्रभावित हुन पुग्यो । सन् १९७५ को मेक्सिकोमा भएको पहिलो अन्तराष्ट्रिय महिला सम्मेलनमा नेपाली महिला प्रतिनिधि मण्डलले भाग लिएको थियो । जसको फलस्वरुप चार विकास क्षेत्रमा तालिम केन्द्रको स्थापना, नारी सेवा समन्वय परिषदको स्थापना भयो । मुलुकी ऐनमा सुधार गरी छोरीले ३५ वर्षसम्म अविवाहित बसेमा छोरा

सरह सम्पति पाउने कानुनी व्यवस्था गरियो । यसैगरी सन् १९८५ मा नैरोवीमा भएको तेस्रो विश्व महिला सम्मेलनमा नेपालको सहभागीता रहयो । सन् १९७७ मा विभिन्न गैरसरकारी  संस्थाहरुवीच समन्वय राख्ने उद्देश्यले महिला सेवा समन्वय समिति गठन गरियो । यसै समयमा त्रिभुवन विश्वविद्यलाय अर्न्तगत स्थापना भएको शैक्षिक तथा प्रशासनिक अनुसन्धान केन्द्र अर्न्तगत रहेर महिला सम्बन्धी विभिन्न अनुसन्धानहरु भए । यस मध्येको डा.मिना आचार्य र लीन विनेट द्धारा विभिन्न चरणमा अन्दोलन गरेर महिला सम्बन्धी अध्ययन भए ।

बहुदलिय व्यवस्था पूनः स्थापना पछिको समय २०४७ सालमा बनेको नेपाल अधिराज्यको संविधानले लिङ्गका आधारमा महिला र पुरुषलाई कुनै भेदभाव नगर्ने कानुनी मान्यताको प्रतिस्थापन गरायो । यसै समयमा गैरसरकारी संस्थाहरुले महिला विकासकालागि हिंसा र दमनका, चेलीबेटी बेचविखन आदिका विरुद्धमा दबाबहरु सिर्जना गर्ने कार्य भएका छन् । सन् १९९५ मा चीनको राजधानी बेइजिङ्गमा भएको चौथो विश्व सम्मेलनमा भाग लिई त्यस पछि महिला तथा समाज कल्याण मन्त्रालयको स्थापना गरे । स्थानीय राजनीतिमा २० प्रतिशत महिलाहरुको लागि आरक्षण गरिएकोले स्थानीय नेतृत्व तहमा महिलाको संख्या उल्लेख वृद्धि भएको छ । वि.सं २०६२/६३ सालको जनआन्दोलन भाग दुईमा राजको प्रत्यक्ष शासन विरुद्ध नेपाली महिलाहरुले देखाएको साहस र उनीहरुको बलीदानपूर्ण भावनालई उच्च मुल्याङ्कन गर्न सकिन्छ । तर महिला मुक्ति र विकासका लागि दलीय राजनीतिक महिलाहरु बीच एउटै विचार दृष्टिकोण र कार्यक्रम अझ विकास हुन सकेको छैन् । तर गैरसरकारी संस्थाहरुले महिलाको विकास र परिवर्तनका लागि हातेमालो गरेको देखिन्छ । यसमा राज्यले निकै साकारात्मक भएर भूमिका निर्वाह गरे मात्र महिला विकास सम्भव हुन्छ

जन आन्दोलन भाग दुई पश्चात नेपालमा महिला आन्दोलन भएकै कारण विभिन्न क्षेत्रमा सुधार भएका छन् । नेपालको अन्तरिम संविधान २०६३ ले महिला भेदभाव विरुद्धको हक, प्रज्जन स्वास्थ्य सम्बन्धि हक, हिंसा विरुद्धको हक र पैतृकहकको व्यवथा गरेको छ । लैङ्गिक समान कायम गर्ने ऐन २०६३ , घेरेलु हिंसा कसुर र सजाय

ऐन २०६६ पछिल्लो समयमा समयमा जारी भएको अवस्थ छ । यी सबै महिला आन्दोलनको परिमाणको रुपमा लिन सकिनछ । ( आचार्य, २०६७)

नवौं योजना ( २०५४-२०५९) मा उल्लेख गरेअनुसार नीति तहदेखि कार्यन्वयन तहसम्म लैङ्गिक चेतना ल्याउने प्रचार प्रसार शिक्षा र तालिमको संस्थागत व्यवस्था गरिने नीति राखिएको छ भने महिलाहरुको शैक्षिक स्तर सुधार गर्नको लागि औपचारिक तथा अनौपचारिक शिक्षाको पँहुचमा अभिवृद्धि गर्न छात्रवृति महिला शिक्षिका, प्राविधिक शिक्षा बिशेष सुविधाको व्यवस्था जस्ता नीति तथा कार्यक्रमहरु कायमराखी यी कार्यक्रमहरुको विस्तार, पहूँचतथा प्रोत्साहनमा जोड दिइने नीति पनि राखिएको छ । यस योजनामा शिक्षामा महिला सहभागिता बृद्धिगर्न महिला शिक्षाको पहुँच तथा विस्तारका साथै छात्रवृति कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाइने नीति राखिएको छ भने शिक्षामा महिला सहभागिता वृद्धि गर्न महिला शिक्षाको पहुँच तथा विस्तारका लागि प्रोत्साहन गर्ने नीति राखिएको छ । ( हाडा, २०५७)

गुणस्तरीय जीवन प्राप्तिको सवालमा तगारोको रुपमा नेपालमा शिक्षाको स्थिति देखा परेको छ । पारिवारिक जीवनलाई योजनावद्ध रुपले सञ्चालन गरी मानवीय जीवन सुखमय बनाउँनको लागि अधिकाशं परिवारका संरचनात्मक अवधारणाबाट हेर्दा पितृसतात्मक सामाजिक बनोटले गर्दा नै महिला शिक्षामा पछाडि परेका छन् । संरचनात्मक अवधारणले लैङ्गिक विभेद अर्थात महिला तथा पुरुष बीच सिर्जना गरिएको सामाजिक भेदभावलाई केलाउँछ । उक्त भेदभावको उपज हो । ( घर परिवार, समाज वा समुदायमा पुरुषले के के गर्नु हुने, नहुने र महिलाले के के गर्न हुने र नहुने भन्ने नियम) । यी नियमहरुले महिला तथा पुरुष दुबैलाई बाँधेको छन् । तर स्वतन्त्रताको हकमा पुरुषलाई वढी अधिकार र मान्यता प्रदान गरेको छ । उक्त अधिकार र मानयता दिनुका पछडि पनि केही सांस्कृतिक तथाव्यवहारिक आधारहरु छन् । तर ती आधारहरुले बालिका तथा महिलाहरुको भूमिकालाई न्यून देखाउन मद्दत गरिरहयो जसको फलस्वरुप शिक्षा जस्तो अधिकारबाट पनि बालिका तथा महिलाहरु बञ्चित हुनुपऱ्यो । यिनै सामाजिक संरचनात्मक अवधारणा सँग गाँसिएको मनोबैज्ञानिक कारण पनि हुन जसले गर्दा महिला तथा बालिका शिक्षाबाट पछिपरे ( आचार्य, २०६१)

नेपालमा पुरुषको दाँजोमा महिला साक्षारता झन्डै २० प्रतिशतले कम रहेको छ । जब कि नेपालको कुल जनसंख्यामा ५१ प्रतिशत महिला छन् । सबैको लागि शिक्षालाई सहयोग गर्न ल्याइएको विद्यालय क्षेत्र सुधार कार्यक्रमले साक्षरता र निरन्तरता शिक्षाको नीति त लिएको छ । तर त्यसका लागि कार्यक्रमिक रणनीति बनाएको पाइँदैन् । यद्यपी गैरसरकारी क्षेत्रबाट महिला शिक्षाका लागि उदाहरणीय कार्यक्रम सञ्चालन हुन थालेका छन् । त्यसैले होला बन्दै गरेको नयाँ संविधान महिला साक्षरताको सवाल सम्बोधन हुनुपर्ने महिला सभासद र अधिकारकर्मी माग छ ( सिलबाल, २०६७)

शिक्षामा महिला साहभागितालाई प्रोत्साहित गर्ने नीति अनुरुप आर्थिक वर्ष २०५५/५६ मा २१ हजार ७७६ छात्राहरुलाई प्राथमिक विद्यलाय छात्रवृति तथा माध्यमिक तहतर्फ ९ हजार ९५५ जनालाई स्थानीय विद्यलाय छात्रवृति प्रदान गरिएको थियो भने आर्थिक वर्ष २०५३/५४ मा २९ हजार ५५८ छात्रहरुलाई प्राथमिक विद्यालय छात्रवृति प्रदान गर्न कार्यक्रम राखिएको थियो । यसबाहेक आ.व. २०५३/५४ मा १० वटा दुर्गम जिल्लाको सम्पूर्ण छात्रहरुलाई प्राथमिक छात्रवृति प्रदान गर्ने कार्यक्रम पनि राखिएको थिाय ( हाडा, २०५७)

शिक्षा अधिकार हो । शिक्षालाई नागरिकको जन्मसिद्ध अधिकारको रुपमा स्थापित गरिनुपर्छ । जबसम्म गर्न सकिन्न तबसम्म शिक्षा अधिकारको रुपमा स्थापित हुन सक्दैन् । शिक्षालाई अधिकारको रुपमा स्थापित गर्दा अनौपचारिक शिक्षा जीवन पर्यन्त शिक्षा खुला सिकाइ र शिक्षा जस्ता विषयलाई पनि जोडी सबै नागरिक कार्य शिक्षा र सिकाईको बातावरण प्रदान गर्ने किसिमको नीति निर्माण हुन जरुरी छ । शिक्षा समावेशी हुनुपर्छ । शिक्षामा समावेशात्मकताको नारा ल्याउने वा कमाउने विषय मात्र भएको छ भन्नु तीतो यथार्थ हो । समावेशात्मकता शिक्षाको नीति हो भन्ने कुरा पनि व्यवहारिक रुपमा लागू हुन सकेको छैन् । शिक्षा र महिला भन्ने जुन सन्दर्भ छ, जुन विषयगत रुपमा मात्र छन् । सारमा शिक्षानीति उही छ , चिन्तन उही छ, परम्परा उही छ, नयाँ चेतनाले प्रवेश पाएपनि वास्तविक व्यवहारमा त्यो उत्रेको छैन् ( भट्टराई,२०६४)

आदम स्मिथले सबै मानिसको लागि न्यूनतम साधारण शिक्षाको व्यवस्था गर्नुपर्ने उल्लेख गरेका छन् । यस सम्बन्धमा एम.जे एडलर भन्दछन् "औद्यगीक प्रक्रियाका लागि चाहिने सीपको विकास सेवाकालीन रुपमा उद्योगहरुले ने गर्नुपर्दछ न कि विद्यालय वा कक्षाकोठामा, विद्यालयको प्रथम कक्षादेखि कलेजसम्मको शिक्षा व्यक्तिको जीवनको स्वतन्त्र र खुशी बढाउने खालको हुनुपर्दछ" (शिक्षा जगतको पत्रिका,२०६४)

नेपालमा पुरुषको दाँजोमा महिला साक्षरता झन्डै २० प्रतिशतले कम रहेको छ । जब कि नेपालको कुल जनसंख्यामा ५१ प्रतिशत महिला छन् । सबैको लागि शिक्षालाई सहयोग गर्न ल्याएको विद्यालय क्षेत्र सुधार कार्यक्रमले साक्षरता र निरन्तरता शिक्षाको नीति त लिएको छ । तर त्यसका लागि कार्यक्रमिक रणनीति बनाएको पाइदैन् । यद्यपी गैरसरकारी क्षेत्रबाट महिला शिक्षाका लागि उहारणीय कार्यक्रम सञ्चालन हुन थालेका छन् ।

त्यसैले होला बन्दै गरेको नयाँ संविधानमा महिला साक्षरताको सवाल सम्बोधन हुनु पर्ने महिला सभासद र अधिकारकर्मको माग छ । ( सिलवाल, २०६७)

सबै क्षेत्रगत मन्त्रालयहरुले लैङ्गिक समान्ताको दृष्टिकोणबाट आफ्नो सम्पूर्ण कार्यक्रमको समीक्षागरी त्यसलाई आवश्यकता अनुसार पुन संरचना गर्नु पर्दछ भन्ने सोचलाई दसैं योजनले अगाडी बढाउँने प्रयत्न गरेको छ । यसले शिक्षालाई लैङ्गिक समानता र महिला सशक्तिकरणको उद्देश्य प्राप्तगर्ने सर्वाधिक सशक्त माध्यम हो भन्ने दृष्टिकोणलाई अवलम्बन गर्दै महिला साक्षरता र शिक्षामा विशेष जोड दिएको छ । ( न्यौपाने, २०६०)

महिला हकहितको निर्णयको बारेमा डा.रिजाल लेख्छन्, "एउटी नेपाली महिलाको घरको हक र अधिकार उसको लोग्नेमा केन्द्रित रहेको हुन्छ । अपवादको रुपमा कुनै कनै ठाउँमा मात्र स्वास्नीको हक हुन्छ" ( Status of Women in Nepla VI Pv ) ।

शिक्षा क्षेत्रको विकासको लागि समय लाग्छ नै किनकी शिक्षा क्षेत्र सिनेमाको दुनिया होइन्, अर्थ मन्त्रालयजस्तो पनि होइन्, सानो विरुवा रोप्यौ भने त्यसको नतिजा प्राप्त हुन समय लाग्छ त्यति सिजलो चाहि छैन् । तर केही दुर्भाग्यको कुरा भने छन् । यसपालिको विश्व विकास प्रतिवेदनले के भन्छ भने संसारमा नृपाल ने त्यस्तो देश हो, जसले शिक्षा र स्वास्थ्यमा गरेको सम्पूर्ण लागानीको ११ प्रतिशत गरिबीको पक्षमा खर्च गर्छ, बाँकी ८९ प्रतिशत गरिबीको विपक्षमा खर्च गर्छ । सोच दरिद्र छ । यसका लागि सबै मिलेर दरिद्र सोचलाई हटाउनु पर्छ । ( मलिलक, २०६०) ।

देशको आधा हिस्सा ओगटेको महिलाहरुमा शिक्षा तथा चेतनाको अभाव पाइन्छ । अहिलेको परिपेक्षमा महिला शिक्षा राष्ट्रको जल्दोबल्दो समस्याको रुपमा खडा भएको छ । यदि महिला शिक्षित तथा चेतनशील भएर देश विकासको गतिले मूर्त रुप लिन सक्छ । महिलामा आइपर्ने विभिन्न साना-ठुला समस्याहरुलाइ सम्बन्धित निकायमा पुऱ्याएर यसलाई टुङ्गो लगाउन सक्ने सामर्थ्य महिला वर्गमा श्रृजना हुनुपर्छ । सानातिना दुःख तथा समस्यामा नै अल्झिएर बसनु हुँदैन । सधै पुरुषहरुबाट थिचिएर, पिल्सिएर, अपहेलित भएर शोषित भएर बसने हो भने महिलाहरु कहिले पनि आफ्नो व्यक्तित्व विकास गर्न सक्दैनन् । महिलाहरुस्वयमश्रृजनशीलताको विचारआत्मादेखि प्रस्फुटन हुन आवश्यक छ । शिक्षितवर्गले मात्र आफूमाथि भएको शोषण, दमनको प्रतिकार गर्न सक्दछन् ।

यसरी समाजमानारीमाथि हुने शोषण दमन उत्पिडन विरुद्धमा आवाज उठाउन नारी चेतनाको खाँचो पर्दछ । गाउँमा बसोबास गर्न अधिकांश महिलाहरु शिक्षाको उल्यालो ज्योतिबाट बञ्चित छन् । यसले गर्दा हामीले शहरलाई भन्दा गाउँलाई प्राथमिकता दिनु पर्छ । गाउँको महिलाहरुलाई शिक्षा दिएर अघि बढ्न उत्प्रेरणा दिनुपर्छ । अनिमात्र देश विकाशको कल्पनाले साकार रुप लिनेछ । अन्यथा महिला वर्गको सक्रियताको अभावमा देश विकास न्यून हुन जान्छ ( महिला गतिविधि, २०५४)

(Status of Women in Nepal Volume II Part I ) मा के कुरा उल्लेख गरिएको छ भने हाम्रो समाजमा के सोचिन्छ भने महिलाको जीवनमा शिक्षाको कुनै प्रयोग हुने छैन् । किनकी एउटी महिलाले आफ्नो घर बाहिर अर्थात बाह्य संसारमा

काम गर्ने पाउँदैनन् । जसबाट उसले आर्जन गरेको , सीप पनि उ विर्सदै जानेछन् । शिक्षालाई मात्र यहाँ के कुरामा लिइन्छ भने यदि महिला शिक्षित भयो भने उसले बढी पढेलेखेको केटो पाउँछ अथवा उसको विवाह राम्रो घरमा हुन्छ । महिलाहरुको खेतमा कामगरी पैसा आर्जन गर्नुको बदलमा पैसा र समय खर्च गरेर अनुपयोगी कार्य गर्नु बेकारको कुरा हो ।

महिला शिक्षित भएमा समाज शिक्षित बन्छ भन्ने आदर्श वाक्यलाई मनन गर्ने हो र नेपोलियनको मलाई शिक्षित आमा देउ म तिमीलाई राज्य दिन्छु भन्ने भनाईले महिलालाई बुझ्नु पर्ने हो । नारी जातिको पनि कुपुत्रो जायता कुचिद । यि कुमाता गर्ववति र यत्र नार्यस्तु पुज्यन्त रमन्ते तत्र देवता भन्ने कुरालाई साधारण किसिमले लिनु पर्छ र आफूलाई सदाबहार गराउँनु पर्दछ दुःख सुख, मिलन विछोड , हर्ष विस्माद आदि सबै साधारण कुरा मान्नु पर्दछ ( खनाल, शिक्षक सन्देश २०६२)

(Status of Women in Nepal , Volum IV part I ) का अनुसार घरको विषयमा निर्णयको भूमिकामा महिलाको निम्न स्थितिमा मात्रै रहेको हुन्छ । घरको मूली पुरुष घरमा छैन अर्थात उ विदेशमा गएको छ भने महिला आफै घरको मुली भएर निर्णय गर्दछ ।

शिक्षामा लैङ्गिक विभेद छ भन्ने कुरा सर्व विदितै छ । असन्तुलन र असमानतको रुपमा देखिने यी विभेदहरु हाम्रो निम्ति ठूलो चुनौति हुन् । यीनै चुनौतिहरुलाई कम गर्न सरकारी र गैरसरकारी दुबै क्षेत्र लागिपरिरहेका छन् सन्तुलन र समान्ता प्राप्तगर्न धेरै उपायहरु अपनाइएका छन् । जस्तै बालबालिकाहरुको लागि आीर्थक सहयोग, सामाग्री सहयोग , छात्रवास इत्यादि यस बाहेक महिला शिक्षाको नियुक्ति पनि शिक्षामा लैङ्गिक समानता ल्याउन प्रयोग गरिएको एउटा उपाय हो ।

शिक्षामा लैङ्गीक असमानताबारे गरिने खोज वा विश्लेषणले छात्र र छात्राको भर्नाको स्थितिदेखि कन तह पार गरेपछि उनिहरुले प्राप्तगर्ने उपलब्धिसम्म समेटछ् यसै अवधारणमा नै नेपालको शिक्षामा लैङ्गीक असमानता छ भन्ने कुरा स्थापित भएको छ तर यो असमान्ताकाबारे शिक्षक र शिक्षाकापक्षिय चिन्तन आउनु पर्‍यो दुबै पक्षिय चिन्तनबाट निस्केको सारलाई कार्यक्रममा समावेश गर्नुपर्छ । शिक्षक शिक्षिका तालिम

उनीहरुको प्रत्याभुति र पुन अभिमुखीकरणले शिक्षामा विधामान लैङ्गीक असमानता हटाउने धेरै हदसम्म मद्दत पुऱ्याउँछ, ( आचार्य, २०६२)

विश्वमञ्चमा नेपालको एउटा सूक्ष्म बहुजातीय, बाहुभाषिक र बहुसाँस्कृतिक सामाजिक प्रणाली भएको राष्ट्रको रुपमा पहिचान राखेको छ । यहाँ ९५ ओटा भाषाभाषिकहरु बोलिन्छ भने १०० भन्दा बढी सांस्कृतिक समूहहरु रहेका छ । यी सामाजिक/सांस्कृतिक तथा भाषिक विविधता पनि महिला शिक्षाको तगारोका रुपमा रहेका छन् । नेपालका करिब १३ प्रतिशत प्राथमिक उमेर समूहका बालबालिकाहरुको संख्या १७ प्रतिशत र त्यस्तै ६ वर्षमाथिको जनसंख्यामध्ये ४६ प्रतिशत जनसंख्या निरक्षर छ र त्यसमध्ये ५६ मध्ये ५६ प्रतिशत महिलाहरु छन् । अझ पनि महिला र पुरुष साक्षरताको अनुपातबीचको दुरी २२ प्रतिशत कायम नै रहेको छ । वर्तमान शैक्षिक परिवेशको विश्लेषण गर्दा शिक्षाको क्षेत्रमा साक्षरता दर, भर्ना प्रतिशत, पढाई निरन्तरता, रोजगारी अवस्र तथा उपलब्धि स्तरको दृष्टिकोणबाट समेत महिला र पुरुष छात्र र छात्रा बीचको विभेद र दूरी स्पष्ट रुपमा देखिन्छ । त्यस्तै व्यवस्थापन तहसम्म पनि महिला सहभागिता अति नै न्यून रहेको छ । यसले के सङ्केत गर्छ भने नेपाली समाजमा महिलाले अझै पुरुषसरह समान अवसर उपभोग गर्नपाका छैनन् । उनीहरु धेरै घण्टा काम गर्छन तर कम ज्याला पाउँछन् । जीवनमा प्राप्त अवसरको उपभाग गर्न तथा ती अवसरहरु छनोट गर्न उनीहरु पुरुषको दाँजोमा वढी नै बञ्चित छन् ( सिन्हा, २०६४)

## २.१ धारणात्मक कार्यढाँचा

यस अध्ययनपुर्व गरिएको विभिन्न अनुसन्धानहरुबाट प्राप्त हुन आएको निष्कर्षको पुनरावलोकनका आधारमा महिला शिक्षालाई प्रभावितगर्ने सम्भावित जिम्मेबारी कारका तत्वहरुको पहिचान हुने गई एक धारणात्मक कार्यढँचाको विकास भईसकेको छ जुन कुरालाई निम्न लिखित चित्रबाट स्पष्ट गर्न खोजिएको छ ।

## तालिका नं. १

महिला शिक्षा तथा अर्थ र्निभर

| सामाजिक/साँसकृतिक पक्ष | आर्थिक पक्ष |
|---|---|
| धर्म | अवसर बाट बञ्जित |
| भाषा | परिवारको आय स्रोत |
| जाति | विवाहको निम्ति आर्थिक भार |
| बैवाहिक अवस्था | स्रोत र साधानमा पहुँच |
| परिवारमा लैङ्गीक दुरी | घरभित्रको क्रियाकलाप |
| परिवारको शैक्षिक अवस्था | विद्यालयको दुरी |
| निर्माण प्रक्रिया निन्यत्रण | कार्यभार |
| शैक्षिक अवसर र सुविधा | रोजगारीको अवसर |

हुन त माथि उल्लेखित महिला शिक्षालाई प्रभावपार्ने तत्वहरुको बीचमा नै एक अर्कासित सम्बन्ध रहेको हुन्छ तै पनि यस अध्ययनमा केबल तत्वहरुले महिला

शिक्षालाई पर्ने असरमात्र यस अध्ययनमा हेर्न खोजिएको हो अर्का तर्फ माथि उल्लेखित विभिन्न अनुसान्धानका निष्कर्षहरुको अध्ययनबाट शिक्षाले महिलाको परिवारीक जीवन अपेक्षित सुधार ल्याउने नसके पनि कही सुधार क्रमशः आईरहेको तथ्य पनि स्पष्ट हुन भएको छ । उक्त निष्कर्षमा महिला शिक्षाले उनिहरुको परिवारमा महिला अधिकार, घरभित्रको क्रियाकलापहरु, समाजिक भुमिकाहरु, निर्णय प्रक्रियामा नियन्त्रण,पेशा, आर्थिक अवस्था राजनीतिक गतिशिलता, समाजिक सांस्कृतिक , मुल्यमान्यता, गरीबी जस्ताहरुले कुराहरुले प्रत्यक्ष प्रभाव पारेको कुरा उल्लेख गरिएको छ ।

**सैद्धान्तिक समिक्षा वा सैद्धान्तिक मेल :**

तेतरीया गाउँमा का महिलाहरुको शैक्षिक तथा आर्थिक अवस्था आधारित एक समाजिक अध्ययन हो । जसैगरी महिला र विकास सिद्धान्तले महिलाहरुको विगतको अवस्था र वर्तमानको अवस्था तिनीहरुको विकासको अवस्था विगतमा र वर्तमानमा के कसरी भईरहेको छ । तिनीहरुको विकास को वाधक के के हुन् पुरुषको तुलनामा महिलाहरुको विकास किन कम भएको जस्तो तत्वलाई स्पष्ट पार्दछ । त्यसैगरी यस अध्ययन ले पनि गोलबजार न.पा. वडा नं.२तेतरीया गाउँको महिलाहरु को विगत स्थिति र वर्तमानमा तिनीहरुको विकासका गति र महिलाहरुको विकासको वाधक के के हुन भने कुरा प्रस्तुत गरिएको छ ।

वर्तमान बदलिदो यूगमा पनि यहाँको समाजमा पुरानै समाजिक, संस्कृतिक मुल्य, मान्यताले स्थान पाईरहेकोले समाजको उन्नति र प्रगतिमा बाधा उत्पन्न गरिरहेको छ । यहाँका मानिसहरुको मुख्य पेशा कृषि भएपनि आधा भन्दा वढी परिवारलाई आफ्नो कृषि उत्पादनले खान पुग्दैन । यहाँका महिलाहरुको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक लगायतका हरेक क्षेत्रमा कमजोर , उपेक्षित र दुखदाई अवस्था रहेको छ । शिक्षित महिलाहरुले आफु र आफ्नो परिवारलाई सूमार्गमा लाने परिकल्पना गरीए पनि उनिहरु स्वयम नै चुला चौका, डोको, हसिया र कुटो कोदालोको परिधिबाट बहिर आउन सकेका छैन् ।

गोलबजार न.पा. वाडा नं.२तेतरीया गाउँमा अर्न्तगत तेतरीया गाउँ का महिलाहरुको शैक्षिक तथा समाजिक आर्थिक अवस्थाको बारेमा अवलोकन गर्दा यस प्रकारको समिक्षा गरियो ।

यस क्षेत्रका महिलाहरु विशेष गरी शिक्षाको सुनौलो अवसरबाट बञ्चित नै देखिन्छ । अहिलेको समयमा चाहिँ आफ्ना नानीहरुलाई विद्यालय पठाउनु पर्छ भन्ने केहि चेतना भएको पाईन्छ ।

प्राय: गरेर प्रोढ अवस्थाका महिलाहरु निरक्षर छन् जो कृषि पेशामा लागेको पाईन्छ । अशिक्षा र चेतनाको कारण त्यहाँको मनिसहरुले पुरानो मूल्य, मान्यतालाई निरन्तरता दिदै आईरहेको पाईन्छ जस्तौ जातीय छुवाछुत, मैथली समुदायमा महिलाहरु घुम्टो लागउने, घर भन्दा बाहिर काममा नजाने अथवा जान नहुने जस्ता संस्कारहरु रहेकाछन् । शिक्षाको कमिले नै त्यहाँका महिलाहरु आयमुलक काममा नलागेर परम्परागत कृषिमा नै लागेका पाईन्छ । मैथिली जातीमा घरमा कुनै घरयासी काममा निर्णय गर्नुपर्दा पुरुषले नै निर्णय गरेको पाईयो भने अन्य जातिमा दुबै मिलिगर्ने पाइयो । शिक्षित महिला पनि कृषि पेशामा नै वढी लागेको पाईयो । सम्पतिमा महिलाको स्वामित्व नगण्य नै छ । कतिपय घरपरिवारमा छोरा छोरी बिच भेदभाव गरेको पाईयो जस्तो छोरालाई बोडिङ्ग स्कुलमा पढाउने, घरयासी काम गर्न नदिने, बाहिर पढन पठाउने भने छोरीलाई सरकारी स्कुलमा पढन पठाउने , घरयासी काममा वढी लगाउने , बाहिर उच्च शिक्षा हासिल गर्न नपठाउने जस्ता भेदभाव गरेको पाईयो । अशिक्षा र चेतना कै कारणले छोरीहरुलाई सानै उमेरमा विवाह गरीदिने भएका कारण छोरीहरुले उच्च शिक्षा हसिल गर्नेको संख्या कम पाईयो । शिक्षित महिलाहरुले नै आफ्नो परिवारलाई सूर्मागमा लागन सहयोग गर्छ भन्ने कुरा त्यस गाउँका महिला वर्गले केहि हदसम्म बुझेको र शिक्षालाई महत्व दिन थालेको पाईन्छ । जसको फलस्वरुप कृषिमा पनि आधुनिकिकरण हुदै गएको पाईन्छ ।

# अध्याय तीन

## अनुसन्धान पद्धति

यस अध्ययनमा अध्ययनका लागि आवश्यक अनुसान्धान पद्धतिको बारेमा उल्लेख गरिएको छ । अधययन क्षेत्रको छनौटगर्दा अपनाइएको विविध विधिहरुको बारेमा वर्णन गरिएको छ ।

### ३.१ अध्ययन क्षेत्र छनोट

यस अध्ययनको क्षेत्रसिरहा जिल्ला गोलबजार न.पा. वाडा नं.२ मा पर्नेतेतरीया गाउँलाई मुख्य अध्ययन क्षेत्रका रुपमा लिएको छु । तराईको समतल भु-भागमा पर्ने यो गाउँ ऐतिहासिक र भौगोलिक दृष्टिले अति नै सुन्दर गाउँ हो । विशेषगरी मगर र मैथिली समुदायहरुको बाहुल्यता रहेको यस गाउँलाई अध्ययन क्षेत्र बनाउनुको मुख्य कारण यहाँका मानिसहरुको शैक्षिक चेतना आर्थिक अवस्थाको अध्ययन रहेको छ । अध्ययनको लागि महिलाहरुको शैक्षिक स्थिति विषयवस्तु रोज्नुमा शोधकर्ताको अभिरुचिको विषय भएकोले गर्दा नै हो । साथै वर्तमान परिस्थितिमा महिला शिक्षा राष्ट्रको जल्दोबल्दो समस्याका रुपमा रहेको र किन महिला शिक्षामा पछिपरीरहेकोछ भन्ने खोजीको विषय भएकोले र घर नजिकै भएका कारण उत्तर दाताहरु चिन्ने भएकाले सही उत्तरको अपेक्षा गरेको हुनाले साक्षरतालाई मुख्य विषय बनाउनु परेको हो ।

### ३.२ अनुसन्धानको ढाँचा

यो अध्ययन महिला वर्गको शैक्षिक तथा आर्थिक स्थिति र त्यसले पारेको असरहरुको अध्ययन हो । यसका लागि अन्वेषनात्मक र विश्लेषणात्मक ढाँचा प्रयोग गरिएकोछ । यस अध्ययनमा महिलाहरु समाजमा के कस्ता कारणले शिक्षामा पछि परेकाहुन, पुरुषको तुलनामा महिलाहरु पछि पर्नुका कारणहरु हाल सम्म परिवर्तनहरुको व्याख्या विश्लेषण गरिएको छ ।

### ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

यस अध्ययनमा प्राथमिक द्धितीय दुबै स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अर्न्तगत अध्ययन क्षेत्रमा गएर सूचना दातासँग अन्तबार्ता , स्थलगत अवलोकन,

प्रमुख व्यक्तिहरु सँगको अर्न्तवार्ता , तालिका को मध्यमबाट संकलन गरिएको छ भने दोस्रो तहको तथ्याङ्कको रुपमा केन्द्रित तथ्याङ्क विभाग न.पा.को कार्यालयबाट प्राप्त रेकर्ड , विभिन्न विद्धानबाट लेखिएका प्रकाशित कृतिहरु र सम्बनिधत पत्रपत्रिका, लेख, रचना, प्रतिवेदनलाई लिइएकोछ गुणात्मक सुचनालाई प्राथमिकता दिदै संख्यात्मक विवरणलाई सहयोगी सुचनाको रुपमा संकलन गरिएको छ ।

## ३.४ तथ्याङ्क संकलन विधि

### ३.४.१ नमूना छनोट

यस अध्ययनका निम्ति सिरहा जिल्ला गोलबजार न.पा. वाडा नं.२ मा पर्नेतेतरीया गाउँलाई छानिएको छ । गोलबजार न.पा. विभिन्न १२ वडामा विभाजित छन् । तर यो अध्ययनमा वडा नं. २ मा रहेको महिलाहरुलाई समावेश गरिएको छ । यस गाउँमा २६० घरधुरी रहेको छ जस अर्न्तगत मगर र मैथिली समुदाय धेरै मात्रामा रहेको छ  भने थोरै मात्रामा चमार, क्षेत्री, दमाई, कामी समुदाय रहेको छ । यस अध्ययनमा सबै घरधुरीलाई समेट्न नसकिने भएकोले आकस्मिक नमूना छनोट अपनाईएको छ । जस्तै सम्पूर्ण घरधुरीको नाम सुची तयार गरी एउटा भाडोमा राखे त्यसपछि त्यस भाँडोमा राखेका नामहरुको सूचिबाट ५० घरधुरीको नाम हरु निकालियो र निसकिएको ५० घरधुरीको मात्र छनोट गरियो । जसमा सबै जात जातिका महिलहरु गरी जम्मा १२४ जना महिला उत्तरदाताहरुसँग सही उत्तरको अपेक्षाका साथ उत्तर संकलन गरेएको छु ।

### ३.४.२ अवलोकन

अर्न्तवार्ताबाट लिन नसकिने तर अनुसन्धानलाई सहयोग पुग्नेगरी उनीहरुको क्रियाकलाप, लवाई खवाई, घरको बनावट, उत्तरदाताको व्यवहार, हाउँभाव, उत्तर दिनै शैली, उत्तर दिँदाको बखत उत्तरदाताको अनुहार, चालचलन, रीतिरिवाज, भेषभुषा, धर्म, जस्ता कुराको आधारमा उत्तरको सत्यता, परिवारमा काम गर्ने तरिका, परिवारिक वातावरण उत्तरदाताको मनोविज्ञान आदि जस्ता कुराहरको अवलोकन गरेर अनुसन्धानलाई यथार्थ मूलक बनाएको छ ।

### ३.४.३ मुख्य सुचनादातासँगको अर्न्तवार्ता

अनुसन्धानलाई उद्देश्यमूलक तथा यथार्थपरक बनाउँन मुख्य सुचनादाताहरुसँगको अर्न्तवार्ताको प्रयोग गरिएको छ र महिलाहरुलाई विभिन्न किसिमको प्रश्नहरु सोधिएको छ । जसअर्न्तगत महिलाहरुको शैक्षिक योग्यता कस्तो छ ? समाजमा हुने शैक्षिक गति विधी चासो कस्तोछ ? छोरा छोरीलाई पढाउनुपर्ने निर्णय कसले गर्छ ? आदिजस्ता विभिन्न प्रश्नहरु बनाई सूचनादाताहरुलाई सोधिएको छ । उत्तरदाताहरुबाट सही उत्तरको अपेक्षा गरिएको थियो ।

### ३.५ अध्ययनको सीमाकँन

कुनै पनि अध्ययनको आफ्नै सीमा हुन्छ । यस अध्ययनमा पनि निम्न सीमाहरु रहनेछन् ।

१. यो अधययनसिरहा जिल्ला गोलबजार न.पा. वाडा नं.२तेतरीया गाउँमारहेको महिलाहरुको वर्तमानको शैक्षिक तथा आर्थिक अवस्थामा केन्द्रित रहनेछ ।
२. महिलाको शैक्षिक तथा आर्थिक अवस्थाको मात्र अध्ययन गरिएको छ । यसमा अन्य ( सामाजिक, आर्थिक, धार्मिक) पक्षलाई समावेश गरिएको छैन् ।
३. यसअध्ययनको परिणामाले सम्पूर्ण महिला शिक्षाको स्तर र अवस्था प्रतिनिधित्व गर्न सक्दछ भन्न सकिदैन् ।

### ३.६ तथ्याङकको प्रस्तुतिकरण वा विशलेषण

मानव जीवनमा अन्य चिजहरुको आवश्यकता पर्दछ त्यसरी नै शिक्षाको पनि आवश्यकता पर्दछ शिक्षा विना मानिसको जीवन अधुरो हुन्छ । शिक्षा मानव जीवनको महत्व पुर्ण पक्ष हो जसले मानिसकालई ज्ञान , चेतना, र विवेकशीलता प्रदान गर्दछ । कुनै पनि गाउँ, शहर, देश वा विश्वलाई विभिन्न पक्ष लगायत उत्पादन प्रकियामा सक्षम जनशक्तिको अवाश्यकता पर्दछ । त्यस्तो जनशक्ति उत्पादन गर्न शिक्षाले सहयोग पुऱ्याउँछ । शिक्षाले , सामाजिक, आर्थिक, बौद्धिक एवंम नैतिक पक्ष बलियो बनाउन सहयोग पुऱ्याउनुको साथै मानिस लाई बाँच्ने कला प्रदान गर्दछ । तसर्थ देश बनाउनु भन्नु नै समाजको शैक्षिक स्तरमा वृद्धि गर्नु हो यसमा पनि देशमा आधा भन्दा

बढी जनसंख्या महिला भएको स्थितीमा महिला शिक्षाको विकास गर्ने आवशयक देखिन्छ । महिला तथा पुरुषको स्थिति देखाउने विभिन्न पक्ष म्ध्ये शिक्षापनि एक हो ।

### ३.६.१ साक्षरताको आधारमा जनसंख्याको बनोट

नारीको सामाजिक हैसियत झलकाउने विभिन्न सूचकहरुमध्ये साक्षारता र शैक्षिक योग्यतापनि हो । रोजगारी एंव समाज विकास र चेतनाको लागि शिक्षाको महत्वपूर्ण स्थान हुन्छ । नारीले पनि पुरुष सरह शिक्षा पाएमा विकास प्रगतिको सागरमाथा चढ्न सक्छन् । कुरीति र असमान्ताको कालो पर्दाहरु च्यात्न सक्छ र अविष्कारले सुनौलो विहानीहरु रच्न सक्दछन् । नेपाली नारीको शैक्षिक स्थिति पुरुषको तुलनामा निम्न छ । पुरुषप्रधान समाजमा पितृसत्ताको संस्थागत रुपमा विकास भएको हुदाँ नारीहरुले शिक्षाको अवसर पाउँनुको सट्टा पुरुष दमन, शोषण खप्न बाध्य हुनुपरेको छ ।

तेतरीया गाउँको मानिसहरुको शैक्षिक स्थितीलाई तलको तालिकाबाट स्पष्ट रुपमा बुझन सकिन्छ ।

तालिका नं. १३ साक्षरताको आधारमा जनसंख्याको बनोट ( ५ वर्ष भन्दा माथि

| शिक्षाको | पुरुष | | महिला | | जम्मा संख्या | |
|---|---|---|---|---|---|---|
| तह | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| साक्षर | ११२ | ८२ | ७० | ६३.६४ | १८२ | ७२.६९ |
| निरक्षर | २५ | १८ | ४० | ३६.३६ | ६५ | २६.३१ |
| जम्मा | १३७ | १०० | ११० | १०० | २४७ | १०० |

श्रोत: स्थलगत अध्ययन

माथिको तालिका अनुसार तेतरीया गाउँको ५ वर्ष भन्दा माथिको जम्मा जनसंख्या २४७ मध्ये साक्षार जनसंख्या १८२ अर्थात् ७३.६९ प्रतिशत रहेको छ । जसमा पुरुषको जम्मा साक्षरता ११२ अर्थात् ८२ प्रतिशत र महिलाको जम्मा संख्या ७० अर्थात् ६३.६४ प्रतिशत रहेको देखिन्छ । जबकि नेपालको राष्ट्रिय जनगणना २०५८ सँग तुलना गरी अध्ययन गर्दा तेतरीया गाउँको जम्मा साक्षरता ५६.६ प्रतिशत रहेको देखिन्छ । तेतरीया गाउँको नेपालको साक्षरता दरभन्दा १७.०९ बढी देखिन्छ । त्यस्तै गरी

तेतरीयागाउँको पुरुषको साक्षरता दर ८२ प्रतिशत छन् भने नेपालमा जम्मा पुरुषको साक्षरता दर ७० प्रतिशत रहेकाछन् । जुन नेपालको भन्दा १२ प्रतिशत बढी देखिन्छ । त्यसै गरी तेतरीया गाउँको महिलाहरुको साक्षरता दर ६३.६४ प्रतिशत छन् भने नेपालको कुल महिलाहरुको दर ४२ प्रतिशत रहेको छ । जुन नेपालका कुल साक्षरता दर भन्दा २१.६४ प्रतिशतले वढी छन् ।

माथिका तालिकालाई हेर्दा पुरुषको तुलनमा महिलाहरु धेरै मात्रामा अशिक्षित रहेको देखिन्छ । यसका प्रमुख कारण भनेको छोरा र छोरी बीचको भेदभाव र छोरी अर्काको घरजाने जात हो । जतिसुकै पढ्ेतापनि घरपरिवारमै समिति रहनुपर्ने अथवा चुलोको चालक बन्नुपर्ने बाध्यता भएकोले छोरीले पढ्नु हुदैन् भन्ने जस्ता मान्यता पनि हो ।

आज देशको प्रत्येक क्षेत्र पुरुषभन्दा महिलाको स्थिति पछाडि परिरहको हुँदा शिक्षाको महत्व अत्यन्त छ । छोरीलाई पढाएर ठुलो मान्छे बनाउने कुरालाई भन्दा पनि एक चेतनशील , विवेकशील र निर्णयशील छोरी बनाउँछ भन्ने अध्ययन हरेका बुवा आमाले छोरीलाई शिक्षा दिनुपर्छ । अशिक्षाकै कारण चेलिबेटी बेचविखन, छिटो विवाह, यौन तथा सरुवा रोगको शिकार हुन वाध्यभएका छन् । आजको बैज्ञानिक यूगमा पनि परम्परागत अन्धविश्वास र कुरीतिबाट नेपाली समाजमा पुरुषको तुलनामा बढी शिकार बन्न पुगेका छन् । कोही शिक्षित महिला ठूलाबाडाको सामु बोल्दा पोथी बासेको राम्रो हुदैन् भनिन्छ । नारीले जतिसुकै शिक्षा हासिल गरे पनि सामान्य लेखपढ गर्ने श्रीमान्को कुरालाई मान्नुपर्ने बाध्यता छ । त्यसकारणले  विद्यालयजाने महिलाहरुको संख्या भन्दा पुरुषको संख्या संख्या बढी देखिन्छ । त्यसकारणले पुरुषको तुलनमा निरक्षर महिलाको संख्या वढी रहेको पाईन्छ ।

### ३.६.२ **आर्थिक अवस्था**

नेपाल एक कृषि प्रधान देश हो तथा विकासोन्मुख मुलुक हो । नेपालको अर्थतन्त्र विशेषगरी कृषिमा आधारित छ । २०४८ को राष्ट्रिय जनगणना अनुसार नेपालको कुल जनसंख्याको करिव ८० प्रतिशत मानिसहर कृषिमा निर्भर छन् । अतः यस गा.वि.स. को अधिकांश मानिसहरु आफ्नो जिविका पार्जनमो परम्परागत निर्वाह

मुखी कृषि प्रणलीमा निर्भर रहेका छन् । भारतका पंजाब, दिल्ली मुम्बइ जानुका साथै होटल , स्टेशनरी, किराण पसल, औषधी पसल सैलुन, व्यूटि पार्लर, सिलाई कटाई, शिक्षक, प्रहरी, आर्मी, ड्राईभर, ज्यालादारी, डकर्मी, सिकर्मी, भरीया, कृषि मजदुरमा संलग्न रहेको छन् ।

**प्रमुख पेशा वा व्यवसाय**

यस अध्ययन क्षेत्रको मानिसहरुको मुख्य पेशा कृषि नै हो । कृषिको साथै नोकरी, ज्याला मजदुरी, विदेश पलायन, व्यापर आदि रहेको पाईन्छ । तेतरीया गाउँको पेशाको आधारमा घरमुलिको विवरण :

**तालिका नं. ७ प्रमुख पेशाको आधारका घरमुलीको विवरण**

| क.सं. | मुख्य व्यवसाय | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | २७ | ५४.६६ |
| २ | जागिर | १० | २०.०० |
| ३ | व्यापार | ४ | ८.०० |
| ४ | ज्याला मजदुरी | ९ | १८.०० |
| | जम्मा | ५० | १००.०० |

श्रोत : स्थलगत अधययन २०७५

माथि तालिका अनुसार गोलबजार न.पा. वाडा नं.२तेतरीया गाउँमा ५० घर संख्या २७ अर्थात् ५४.०० प्रतिशत रहेको छ । कृषि गरेर ने जीवन निर्वाह गर्ने मगर , मैथली, क्षेत्री , जाति देखिन्छ । उनीहरु साहेक पेशाको रुपमा नोकरी पनि गर्दछ । विशेष गरी महिलाहरु जो निरक्षर छन्, तिनीहरु कृषिमा निर्भर देखिन्छ । त्यस्तै जागीर खाएर जीवन निर्वाहा गर्नेको संख्या १० अर्थात् २० प्रतिशत देखिन्छ । यसमा विशेषगरी क्षेत्री, मगर, मैथली जाति रहेका छन् भने व्यापार गर्नेको घरसंख्या ४ अर्थात् ८ प्रतिशत रहेकाछन् । यसमा विशेषगरी मैथली, मगर समुदायका मासिनसहरु रहेको देखिन्छ भने ज्याला मजदुरीको घरसंख्या ९ अर्थात् १८ प्रतिशत रहेकाछन् । यस पेशामा विशेष गरी दमाइ, कामी र चमार रहेका छन् । यस गाउँका अधिकांश मानिसहरु कृषिमानै निर्भर रहेका हुनाले आर्थिक अवस्था सनतोष जनक मान्न सकिन्न । व्यावसायीक रुपमा कृषि

नभएको कुनै अधुनीक उद्योग धन्दा नभएको मान्न सकिन्न । व्यावसायीक रुपमा कृषि नभएको कुनै अधुनीक उद्योग धन्दा नभएको नगदेबालीको प्रबन्ध नभएको र स्थानिय मागलाई धान्न गाह्रो पर्ने हुनाले आर्थिक पक्ष कमजोर रहेको छ । तुलनात्मक रुपमा मगर , मैथली, क्षेत्री जातिको स्थिति राम्रो रहेको छ । भने अन्य जातिको स्थिति दयनिय नै देखिन्छ । दमाई जातिले अहिले पनि परमपरागत लुगा सिउने, चमार जातिको जुत्ता, चपल सिउने, ज्याला मजदुरी गर्ने गरेको पाईयो यिनीहरु अहिले पनि अरुजातिको हलो जोतेर आफ्नो जीवीकोपार्जन गरिरहेका छन् भने कामीहरु पनि अन्य जातिको घरमा हली बस्ने , ज्याला मजदुरी गर्ने, फलाम कुटने काममा नै लागिपरेका हुनाले उनिहरुको

आर्थिक अवस्था पछिपर्नुका कारणहरु देखिन्छ । जसबाट उनिहरको आर्थिक अवस्थामा सुधार आउने सम्भावना रहेको देखिन्छ । फलतः उनीहरु कसैको हली र भरिया भएर उनिहरु जीवन निर्वाह गरिरहेका छन् ।

### ५.३.२ पेशाको आधारमा जनसंख्याको बनोट ( १६ वर्ष भन्दा माथि )

तेतरीया गाउँमा रहेका मानिसहरु मध्ये धेरैजसो कृषि पेशामा संलग्न रहेको देखिन्छ । अन्य क्षेत्रमा थोरै जनसंख्या मात्र लागेको देखिन्छ । यस कुरालाई तलको तालिकाबाट प्रस्ट पर्न सकिन्छ ।

**तालिका नं. ८ पेशाको आधारमा जनसंख्याको बनोट ( १६ वर्ष माथिको )**

| क्र.सं. | पेशा | पुरुष | | महिला | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | कृषि | २० | १९.०४ | ३२ | ३३.६८ | ५२ | २६ |
| २ | नोकरी | ३४ | ३२.३९ | ६ | ६.३२ | ४० | २० |
| ३ | व्यापार | १ | ०.९७ | ४ | ४.२२ | ५ | २.५ |
| ४ | ज्याला, मजदुरी | २५ | २३.८० | १२ | १२.६४ | ३७ | १८.५ |
| ५ | अध्ययन | १६ | १५.२३ | १५ | १५.७८ | ३१ | १५.५ |
| ६ | घर बस्ने वा घरको काम गर्ने | ७ | ६.६७ | २६ | २७.३६ | ३३ | १६.५ |
| ७ | राजनीति | २ | १.९० | - | - | २ | १ |
| | जम्मा | १०५ | १००.० | ९५ | १००.० | २०० | १००.० |

श्रोतः स्थलगत अध्ययन २०७५

अध्ययनको क्रममा परेका ५० घरमा जम्मा जनसंख्या २४७ रहेको छन् तर यस तालिकामा १६ वर्ष भन्दा माथि उमेर समुहकालाई मात्र पेशाको आधारमा व्यख्या गरेका छन् १६ वर्ष भन्दा कम उमेरका ४७ जनालाई यस तालिकामा व्याख्या गरेका छैन् ।

माथिका तालिका अनुसार १६ वर्ष भन्दा माथिको जनसंख्या २०० रहेको देखिन्छ । जसमा कृषि पेशा अपनाउनेमा २० पुरुष र ३२ महिला गरी जम्मा ५२ रहेको छन् अर्थात् २६ प्रतिशत रहेकोछ । त्यसतै गरी नोकरी गर्नेको संख्या ३४ पुरुष ६ महिला गरी जम्मा ४० जना अर्थात् २० प्रतिशत रहेका छन् । त्यसतै गरी व्यापार गर्नेको संख्या १ पुरुष र ४ महिला गरी जम्मा ५ जना अर्थात् २.५ प्रतिशत छन् । र ज्याला मजदुरी गर्नेको संख्या २५ पुरुष र १२ महिला जम्मागरी ३७ जना अर्थात् १८.५ प्रतिशत छन् । त्यसतै स्वतन्त्र भई अध्ययन गर्ने पुरुषको संख्या १६ र महिलाको संख्या १५ जम्मागरी ३१ अर्थात् १५.५ प्रतिशत रहेकाछन् ।

त्यसतै घर बस्ने वा घरको काम गर्ने पुरुषको संख्या ७ र महिलाको संख्या २६ गरी जम्मा गरी ३३ अर्थात् १६.५ प्रतिशत रहेकाछन् । भने राजनीतिलाई प्रमुख पेशाको रुपमा अपनाउने पुरुषको संख्या २ अर्थात् १.९० प्रतिशत देखिन्छ भने ४७ ।

हाम्रो समाज कृषिप्रधान भएकोले मुख्य पेशा नै कृषि भएकोले गर्दा कृषिमा वढी उपस्थिति हुनु परेको हो कृषिमा पनि पुरुषको भन्दा महिलाको बाक्लो उपस्थिति रहेको पाईन्छ तर कृषिबाट आएको श्रोतहरुमा पुरुषहरुले निर्णय गर्ने गर्दछ । महिलाको वढी उपस्थिति हुनुमा हाम्रो समाजमा महिलाप्रतिको विभेधकारी दृष्टिकोण हो । महिलाहरु पुरुष सरह स्वतन्त्रता नपाउनु हो, विभन्न अवसरहरु पाएता पनि उनिहरु त्यस्तो अवसरमा सामाजिक, मूल्यमान्यताका कारणले त्यसता किसिमको अवसरमा सहभागी हुन सकिरहेको हुदैन् साथै उनीहरु पुरुषको तुलनामा शिक्षित महिलाको संख्या कमहुनु पनि प्रमुख कारण हो , घरव्यवहार कृषि पेशावाट मात्र चलन नसक्ने हुँदा महिलाहरु कृषिपेशामा लाग्ने गरेको र पुरुषहरु बाह्यकाममा लाग्ने गरेको देखिन्छ त्यसतै गरी महिलाहरुलाई अन्य कल कारखानामा पनि ज्यालाको असमनताको कारणले गर्दापनि पुरुषको तुलनामा महिलाहरुलाई कम ज्याला दिएका हुन्छ , त्यसतै गरी महिलाहरुले बच्चा सोहार्ने, लुगाधुने, खाना पकाउनु पर्ने , गाई बस्तुको हेरचाह गर्नुपर्ने, घास दाउँरा ल्याउनुपर्ने विविध समस्याहरुको कारणले गर्दा पनि पुरुषको तुलनामा महिलाको सहभागिता नोकरी, ज्याला मजदुरी, राजनीति आदि क्षेत्रमा कम सहभागिता भएको हुन हुन सक्छ ।

# अध्याय चार

# अध्ययन क्षेत्र

## ४.१ अध्ययन क्षेत्रको परिचय

यस अध्ययनको लागि छनोट गरिएको क्षेत्र हाम्रो देस नेपालको नेपाल सँविधान २०७२ को स्थानिय निकायको वर्गिकरण अर्न्तगतको ७ वटा प्रदेशहरु मध्य प्रदेश नं. २ को अर्न्तगत सिरहा जिल्ला को न.पा.गोलवजार पर्दछ । नेपालको भौगोलिक  हिसावले सिरहा जिल्ला तराई प्रदेश, प्रदश नं. २ को पुर्वपट्टीको दोस्रो जिल्ला हो । प्रद्श नं.२ को स्थानीय संरचना अनुसार यस जिल्लामा ४ निर्वाचन क्षेत्र, १७ स्थानीय निकायहरु छन् । नं.पा. गोलवजार निर्वाचन क्षेत्र नं. ३ को स्थानीय निकाय को वडा नं. ६ मा पर्दछ । धेरै वर्ष पहिले यस ठाउँको धेरै जसो भुभाग गोपाल वावुको थियो, पछि उनकै नामवाट यस ठाउँको नाम गोलवजार भनी वोली व्यवहारमा आउदा आउदै हालको यो न.पा.को नाम गोलवजर रहन गएको हो भन्ने कुरा समुदायको जेष्ठ वुढापाकाहरुको जनवोलीले स्पष्ट गरेको हो ।

## ४.२ भौगलिक स्थिति तथा सीमाना

समुद्र सतहबाट १२९ मिटर देखि १७५ मिटर सम्मको उच्चाईमा रहेको गोलबजार न.पा.  २६ डिग्री ५६ मिनेट उत्तर आक्ष्मस ८६ डिग्री ५३ मिनेट देखि २६ डिग्री ५६ उत्तर आक्ष्मस ८६ डिग्री २ मिनेट  देखि ६ डिग्री ५ मिनेट  दक्षिण दिशान्तरमा पर्दछ । यस ग.पा.को पूर्वमा धनगढीमाई न.पा र पश्चिममा नरहा गा.पा. ले छोएको छ । यस वाडाको कुल क्षेत्रफल ३४२०३ हेक्टर रहेको छ । जसमध्ये १२४७५ हेक्टर कृषि योग्य जमिन ४८४.३३ हेक्टर वनक्षेत्र र पर्तिजग्गा १५.३३ हेक्टर तथा १४१ हेक्टर भू-भाग चरन क्षेत्र लगायत बाँकी आवाश, नदिनाला गग्रेनी तथा भीरालो भू-भागले ओगटेको देखिन्छ ।

( गो.न.पा. २०७५ )

## ४.३ हावापानी तथा तापक्रम

उचाई र हावापानीको दृष्टिकोले यस वाडामा उष्न मौसमी हावा पानी पाईन्छ । जसलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ । उष्ण मौसम समुद्र सतहदेखि १२००

मिटरको उचाईमा यस प्रकारको हावा पनी पाईन्छ । यो वाडा १२९ मिटर देखि १७५ मिटरसम्मको उचाई रहेकोछ । गृष्मऋतुमा यहाँको तापक्रम ३५ डिग्री  वा सो भन्दा बढी हुने गर्दछ । भने हिउँदो वा सरदर ४.५ डिग्री सम्म रहन्छ ।

### ४.४ धरातल

पूर्वमा गागन खोला, पश्चिममा नरहा गा.पा अवस्थित छ । यस वडा को गाउँ देखिउत्तरी भू-भाग जंगलले ढाकिएको र भिरालो रहेको पाईन्छ ।

### ४.१.१  जाति समुदाय र जनसंख्या

यस वडा मा विभिन्न जात जातिहरुको बसोबास भएको पाईन्छ । यस वडाको जनसंख्यमा १५,४६९ छ । जसमध्ये पुरुष ८,१०३ जना (५३%) छ भने महिला ७३६६ जना (४८%) रहेको छ । भने घर संख्या २६७१ रहेको छ । यस मध्ये अध्ययन क्षेत्र तेतरीयागाउँ वडा नं. १ मा जम्मा जनसंख्या १६१० रहेको छ । यसमध्ये पुरुषको संख्या ८५२ महिलाको संख्या ७५८ छ भने २६० घर संख्या छ । तेतरीया गाउँका जनसंख्या निम्न तालिकामा देखाएकोछु ।

**तालिका नं. २ वडा नं. २ तेतरीया गाउँको जनसंख्या वितरण**

| वाड नं. | पुरुष | महिला | जम्मा | घरसंख्या |
|---|---|---|---|---|
| 1 | 852 | 758 | 1610 | 260 |
| 2 | 278 | 239 | 517 | 94 |
| 3 | 449 | 361 | 810 | 128 |
| 4 | 596 | 548 | 1144 | 189 |
| 5 | 1789 | 1554 | 3343 | 564 |
| 6 | 952 | 813 | 1765 | 300 |
| 7 | 925 | 834 | 1759 | 299 |
| 8 | 1131 | 1247 | 2378 | 437 |
| 9 | 1131 | 1012 | 2143 | 400 |
| hDdf | 8103 | 7366 | 15469 | 2371 |

श्रोत : वडा प्रफाईल गो.नपा. २०७५

### ४.१.२ पेशा

यस गाउँका मानिसहरुको मुख्य पेशा कृषि नै हो । कृषिको अतिरिक्त यहाँका मानिसहरुले नोकरी, व्यापार, ज्याला-मजदुरी, घरेलु उद्योग जस्ता कार्यहरु पनि गर्दछन् । यहाँका मानिसहरु कृषि बाहेक अन्य पेशामा संलग्न मानिसहरु अन्य पेशामा मात्र विशुद्ध रुपमा सिमित नरही कृषि पेशामा समेत संलग्न देखिन्छ । यस क्षेत्रमा तामाङ्ग, मगर मधेसी, क्षेत्री, कामी, दमाई, चमार आदी जस्ता जातिका मानिसहरु बसोबास गर्दछ ।

### ४.१.३ विद्यालय

यस तेतरीया गाउँमा एउटा निजीक्षेत्रबाट संचालित एउटा निजि विद्यलाय रहेका छन् भने यसै न.पा. अन्तर्गत पर्ने माध्यमिक विद्यलाय रहेको छ । साथै यसै न.पा. अर्न्तगत पर्ने एउटा  आधारभुत विद्यालय (१-८) रहेका छन् । जहाँ तेतरीया गाउँका बच्चाहरु पढ्दछन् ।सरकारी स्कूलमा अधिकांश छात्राहरु पढ्दछन् भने छात्रहरु निजीक्षेत्र द्धारा संचालित विद्यालयमा पढेको पाईयो ।

### ४.१.४ उद्योग व्यापार

यस गाउँभित्र विभिन्न उद्योग व्यापारहरु संचालित छन् । जस्तै पलाईवोड उद्योग, द्यान कुटने मिल, टायल उद्योग , काठ चिर्नेमिल, अाीद संचालित रहेका छन् । त्यसतै यस क्षेत्रमा कृषकाहरु विभिन्न क्षेत्रमा जस्तै धान, मकै, गहू, उखू, सूर्ति, आदिको खेती गर्दछ । त्यस्तै समय अनुकुल तरकारी पनि प्रशस्त उत्पादन गरेर विक्रि वितरण गर्दछन् । त्यस्तै गरी कुखुरा पालन, बँगुर, भैसी आदि जस्ता पशु पंक्षीहरु पालेको देखिन्छ ।

# अध्याय पाँच

## समाजिक-आर्थिक अवस्था र जनसांख्यिक अवस्था

### ५.१ समाजिक तथा सांख्यिकीय स्थिति

कुनै पनि समाजमा संरचना त्यहाँको जनसंख्या र जनसंख्याको स्वरुप, उमेर, लिङ्ग, पेशा आीदको प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव त्यहाँको सामाजिक, आर्थिक, शैक्षिक र राजनैतिक क्षेत्रमा परेका हुन्छ । त्यसैले जनसंख्या सम्बनधी अध्ययन हुन जरुरी छ ।

यस वाडाको कुल जनसंख्या १५,४६९ रहेको छ जस मध्ये महिला ७,३६६ जना अर्थात ४८ प्रतिशत र पुरुष ८,१०३ जना अर्थात ५२ प्रतिशत रहेको छन् । ५ वर्ष सम्म उमेर समूहका बालबालिकाको जनसंख्या २,२०३ जना अर्थात १४.२६ प्रतिशत ६-१४ सम्मका ३६२७ जना अर्थात २३.४४ प्रतिशत, १५-२४ वर्ष सम्मका २,५२८ जना अर्थात १६.२४ जना जसमध्ये महिला १०१५ जना अर्थात १३.८० प्रतिशत, ३५-४९ वर्ष सम्मका ५३९३ जना अर्थात ३४.९ र ५० वर्ष भन्दा माथि उमेर समूहका १७१५ जना अर्थात ११.०८ रहेकोछ । यस गा.वि.स.मा ब्राह्मण, क्षेत्री, नेवार,मगर, शाह, मण्डल, दमाई, कामी, चमार, डोम, लामा आदि जनजातिका मानिसहरु बसोबास गर्दछ । गा.वि.स.को जम्मा २६७१ घरधुरी मध्ये पुरुष घरधुरी २५१९ र महिला घरधुरी १५२ रहेका छन् । गो.न.पा. २०७५

यहाँको बासिन्दाको मुख्य पेशा कृषि रहेकोछ । यसको अतिरिक्त यहाँका मानिसहरु रोजगारीको लागि देशको विभिन्न भाग लगायत भारत तथा अन्य खाडी मुलुकहरुमा समेत जाने गरेको पाईन्छ ।

#### ५.१.१ अध्ययन क्षेत्रको जनसंख्या

सिरहा जिल्ला गोलबजार न.पा. वाडा नं.२तेतरीया गाउँका जम्मा जनसंख्या १६१० रहेको छ । यस मध्ये पुरुषको संख्या ८५२ अर्थात ५२.९२ प्रतिशत रहेको छ र

महिलाको संख्या ७५८ अर्थात ४७.०८ प्रतिशत रहेको छ । यस वडामा जम्मा २६० घरसंख्या रहेको छ । यस मध्ये ६० घरसंख्या र २७० जना जनसंख्या नमूना छनोटमा परेको छन् । यस क्षेत्रको जनसंख्यालाई लिङ्ग, उमेर, घरपरिवारको आधारमा वर्गिकरण गरी तलको तालिकामा स्पष्ट खुलाई अध्ययन गरिएको छ ।

### ५.१.२ लिङ्गको आधारमा जनसंख्या

तेतरीया गाउँको जनसंख्यालाई लिङ्गको आधारमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३ लिङ्गको आधारमा जनसंख्याको बनोट**

| लिङ्ग | जनसंख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | १४६ | ५४.०७ |
| महिला | १२४ | ४५.९३ |
| जम्मा | २७० | १००.०० |

श्रोत: स्थलगत अध्ययन २०७५

यस अध्ययन क्षेत्रमा जम्मा घरसंख्या २६० रहेका छन् भने जम्मा जनसंख्या १६१० रहेका छन् । यिनीहरु प्रति परिवार ६.१९ जति पर्न आउँछ । यस मध्ये अध्ययन क्रममा ६० घरपरिवार संख्या समेटिएको छ । जसमा कुलजनसंख्या २७० अर्थात ५४.०७ प्रतिशत पुरुष र १२४ महिला अर्थात ४५.९३ प्रतिशत महिला रहेको छ । पुरुष र महिलाको विच तुलना गर्दा महिला भन्दा पुरुष २२ जना अर्थात ८.१४ प्रतिशतले बढी छन् । त्यसैले यस बाट के प्रस्ट हुन्छ भने महिला संख्या भन्दा पुरुषको संख्या वढी देखियो भने  नमूना अध्ययनमा परेको घरहरुमा पनि पुरुषको संख्या वढी पाइयो ।

### ५.१.३ उमेरगत आधारमा जनसंख्या बनोट

तेतरीया गाउँका जनसंख्याको उमेर र लिङ्गको आधारमा जनसंख्याको बनोट निम्न तालिकाबाट प्रस्ट पार्न सकिन्छ ।

**तालिका नं. ४ उमेरगत आधारमा जनसंख्याको बनोट**

| उमेर समुह | पुरुष | | महिला | | कुल जनसंख्या | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ०-५ | १० | ६.८४ | १३ | १०.४८ | २३ | ८.५२ |
| ६-१५ | ३१ | २१.२३ | १८ | १४.५१ | ४९ | १८.१५ |
| १६-२५ | २३ | १५.७६ | २६ | २१.२० | ४९ | १८.१५ |
| २६-३५ | २८ | १९.१८ | २३ | १८.६३ | ५१ | १८.१५ |
| ३६-६० | ४७ | ३२.२० | ४१ | ३३.०६ | ८८ | २२.५९ |
| ६१ - माथि | ७ | ४.७९ | ३ | २.४२ | १० | ३.७१ |
| जम्मा संख्या | १४६ | १००.०० | १२४ | १००.०० | २७० | १००.०० |

श्रोत : स्थलगत अध्ययन २०७५

माथिको तालिका अनुसार सबैभन्दा बढी जनसंख्या ३६-६० उमेरको पाईन्छ । जसमा जम्मा जनसंख्या २७० मध्ये ८८ अर्थात् २२.५९ प्रतिशत जनसंख्या रहेको छ । त्यसपछि २६-३५ उमेर समुहका जनसंख्या ५१ अर्थात् १८.८८ प्रतिशत देखिन्छ । त्यसतै गरी ६-१५ र १६-२५ उमेर समुहका जनसंख्या

क्रमशः ४९,४९ अर्थात् १८.१५, १८.१५ छन् । त्ससतै गरी ०-५ उमेर समुहका २३ अर्थात् ८.५२ प्रतिशत छन् भने ६१ देखि माथिका जम्मा जनसंख्या १० अर्थात् ३.७१ प्रतिशत देखिन्छ ।

## ५.२ तेतरीयागाउँको परिवारको बनोट र प्रकारको आधारमा जनसंख्याको बनोट वितरण

### ५.२.१ परिवारको प्रकार

परिवार समाजिक संरचनाको आधारभूत समाजिक संख्या हो । परिवार सामाजिक सम्बन्धको जगमा अडिएको हुन्छ जहाँ साधारणतया लोग्ने स्वासनी र तिनको छोराछोरीहरु कम्तीमा पनि रहेको हुन्छन् । यदि परिवारको आकार ठूलो छ भने कुनै वंशनाममा आधारित पाँच सात पुस्ता सम्मका सदृश्यहरु एकै ठाउँमा रहेमा त्यसलाई वृहत परिवार र साधारण तथा तीन पुस्ता सम्मका परिवारको सदस्य सँगै रहन्छ , तिनीहरुको भान्छा एउटै छ र पैत्रिक सम्पति सगोलमा छ भने त्यसलाई संयुक्त परिवार

भनिन्छ । लोग्ने स्वास्नी र तिनको विवाह नभएको छोराछोरी सँगै भएको परिवारलाइ एकात्मक परिवार भनिन्छ ।

यस अध्ययन क्षेत्रको परिवारलाई मुख्यगरी एकात्मक परिवार, संयुक्त परिवार र वृहत परिवारगरी तीन भागमा वर्गिकरण गरिएको छ ।

**तालिका नं.५ परिवारको प्रकार तथा घरसंख्या**

| परिवारको प्रकार | घरसंख्या | प्रतिशत |
|---|---|---|
| वृहत परिवार | ० | ० |
| संयुक्त परिवार | १६ | ३२ |
| एकात्मक परिवार | ३४ | ६८ |
| जम्मा | ५० | १०० |

श्रोत : स्थलगत अध्ययन २०७५

माथिका तालिका अनुसार ६० घर परिवार मध्ये वृहत परिवारको संख्या शून्य अवस्थामा रहेकोछ भने १६ घर परिवार अर्थात ३२ प्रतिशत संयूक्त परिवार र ३४ घर परिवार अर्थात ६८ प्रतिशत एकात्मक परिवार देखिन्छ। विशेषगरी एक पुस्ता सम्म एउटै परिवारमा रहने गरेको पईयो । त्यसकारण एकात्मक परिवारको संख्या वढी देखिन्छ ।

माथि तालिका अनुसार त्यस ठाउँमा वृहत परिवार नभएको देखिन्छ किनभने वृहत परिवारमा धेरै सदस्यहरुका कारणलै मन मुटाव हुने, भै झगडा भई रहने, स्वतन्त्रता नहुने, आदी कारणहरुले गर्दा त्यसठाउँमा वृहत परिवारको संख्या शुन्य रहेको पाईन्छ । त्यसैगरी त्यस समाजमा समाजिक दायित्वबोध महत्वपूर्ण भएकाकारण आमावुवा पाल्नुपर्ने, भाई-बहिनीलाई सबल बनाउनुपर्ने जस्ता कारणहरुले गर्दा संयुक्त परिवार थोरै देखिन्छ भने अहिले बदलिदो परिस्थिति, सहरीकरण , आर्थिक अर्न्तक्रिया, परसंस्कृतकरण, सरकारी तवरबाट जग्गाको हदबन्दी र अशंवण्डाका कारण एंवम संचार, शिक्षा र चेतनाले गर्दा मानिसमा आएको प्रतिसप्रर्धा, स्वतन्त्रताको चाहनाले गर्दा यस गाउँका मानिसहरुमा पनि संयुक्त परिवार बाट एकात्मक परिवार तर्फ अग्रसर भएको पाईन्छ ।

### ५.२.२ जातिको आधारमा जनसंख्याको बनोट

नेपालको प्रायःजुनसुकै ठाउँमा पनि विभिन्न जातजातिको मानिसहरु बसोबास गर्दै आइरहेकोछ । यसै अनुरुप यस अध्ययन क्षेत्र तेतरीया गाउँमा पनि विविध जात जातिका मानिसहरु बसोवास गरेको देखिन्छ । जुन कुरालाई निम्न तालिका बाट प्रस्ट पार्न सकिन्छ ।

**तालिका नं. ६ जातिको आधारमा जनसंख्याको बनोट**

| क्र.सं. | जाति | पुरुष | | महिला | | कुल जनसंख्या | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | मगर | ७४ | ५०.७० | ६२ | ५० | १३६ | ५०.३७ |
| २ | मैथली | ४९ | ३३.५७ | ४२ | ३३.८७ | ९१ | ३३.७० |
| ३ | चमार | १० | ६.८५ | ८ | ६.४५ | १८ | ६.६६ |
| ४ | क्षेत्री | ८ | ५.४७ | ५ | ४.०३ | १३ | ४.८२ |
| ५ | दमई | ३ | २.०४ | ५ | ४.०३ | ८ | २.९७ |
| ६ | कामी | २ | १.३७ | २ | १.६२ | ४ | १.४८ |
| जम्मा | | १४६ | १००.०० | १२४ | १००.०० | २७० | १००.०० |

श्रोत: स्थलगत अध्ययन २०७५

माथिका तालिका अनुसार तेतरीया गाउँमा विशेषगरी मगर, मैथली, चमार,क्षेत्री, दमाई, कामी रहेका देखिन्छ । जस अनुसार मगर जातिको संख्या १३६ अर्थात ५०.३७ प्रतिशत देखिन्छ । त्यसैगरी मैथली जातिको संख्या ९१ अर्थात् ३३.७० प्रतिशत रहेको छ । चमार जातिको संख्या १८ जना अर्थात् ६.६६ रहेको छ । क्षेत्री जातिको संख्या १३ अर्थात् ४.८२ प्रतिशत छ भने दमाईको संख्या ८ अर्थात् २.९७ र कामी जातिको संख्या ४ अर्थात १.४८ प्रतिशत रहेको देखिन्छ , भने यस क्षेत्रमा मगर जातिको बुहल्यता रहेको पाइन्छ । दोस्रो स्थानमा मैथली र तेस्रो स्थानमा चमार, क्षेत्री दमाई, कामी जातिको बसोबास रहेको देखिन्छ ।

यसरी जातिगत अधारमा विविधता देखियता पनि समाजिक मुल्य मान्यताको दृष्टिकोणले हिन्दु धर्म परम्परामा नै सबै आबद्ध भएको पाईन्छ । मगर, मैथली, क्षेत्री

जातिको स्थान अन्य दलित जातिको भन्दा समाजिक मर्यादाको दृष्टिले उच्च छ । परम्परागत रुपमा मगर, मैथली, क्षेत्री, जातिले कामी, दमाई चमारजातिलाई तल्लो स्थान राखी उनीहरुले छोएको पनि नखाने गरेको पाइयो यस्ता किसिमको व्यवहार गर्नु भनेको मानिसहरु सँग चेतना र शिक्षाको उपज नै मान्नु पर्दछ । त्यसकारणले होला अहिले सम्म पनि जातीय छुवाछुतको भेदभाव गर्ने । दमाई, कामी, चमार जातिहरु सँग पानी नभर्ने, उनिहरुले छोएको नखाने, ठुला जातिको घरमा पसन नपाईने, पानी खान समेत भाँडोमा नदिने जस्ता प्रवृतिहरु पाईयो भने नयाँ पुस्ताहरुले जातीय विभेदलाई त्यति वास्ता गरेको पाईन्छ । नयाँ पुस्ताका युवा यूवतीहरु भनेसँगै हिडने, मेल मिलापको भावना राखने त सानो जात र म ठूलो जाति भनि भेदभाव नगरेको पाइयो । यि सबै कारणहरु अशिक्षाकै कारणले हो किनभने प्रोढ मानिसहरु धेरै संख्यामानै अशिक्षित भएका कारण उनीहरु जातिय छुवाछुत प्रति भेदभाव गर्ने सानो ठुलोको भावना राख्ने , तर अहिलेको पुस्ताहरुमा यस्तो किसिमको परिवर्तनहुनुको मुख्यकारण शिक्षा नै हो  शिक्षाकै कारणले अहिलेका पुस्ताको नकारात्मक सोचलाई सकारात्मक तर्फ परिवर्तन गरिरहेको देखिन्छ ।

## ५.३ आर्थिक अवस्था

नेपाल एक कृषि प्रधान देश हो तथा विकासोन्मुख मुलुक हो । नेपालको अर्थतन्त्र विशेषगरी कृषिमा आधारित छ । २०४८ को राष्ट्रिय जनगणना अनुसार नेपालको कुल जनसंख्याको करिव ८० प्रतिशत मानिसहर कृषिमा निर्भर छन् । अतः यस वडा को अधिकांश मानिसहरु आफ्नो जिविकोपार्जनमा परम्परागत निर्वाह मुखी कृषि प्रणालीमा निर्भर रहेका छन् । भारतका पंजाब, दिल्ली मुम्बइ जानुका साथै होटल , स्टेशनरी, किराण पसल, औषधी पसल सैलुन, व्यूटि पार्लर, सिलाई कटाई, शिक्षक, प्रहरी, आर्मी, ड्राईभर, ज्यालादारी, डकर्मी, सिकर्मी, भरीया, कृषि मजदुरमा संलग्न रहेको छन् ।

**५.३.१ प्रमुख पेशा वा व्यवसाय** यस अध्ययन क्षेत्रको मानिसहरुको मुख्य पेशा कृषि नै हो । कृषिको साथै नोकरी, ज्याला मजदुरी, विदेश पलायन, व्यापर आदि रहेको पाईन्छ । तेतरीया गाउँको पेशाको आधारमा घरमुलिको विवरण :

**तालिका नं. ७ प्रमुख पेशाको आधारका घरमुलिको विवरण**

| क.सं. | मुख्य व्यवसाय | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | २७ | ५४.०० |
| २ | जागिर | १० | २०.०० |
| ३ | व्यापार | ४ | ८.०० |
| ४ | ज्याला मजदुरी | ९ | १८.०० |
| | जम्मा | ५० | १००.०० |

श्रोत : स्थलगत अधययन २०७५

माथितालिका अनुसार मुलाबारी गाउँमा २७ घर संख्या २८ अर्थात् ५४ प्रतिशत रहेको छ । कृषि गरेर ने जीवन निर्वाह गर्ने मगर , मैथिली, क्षेत्री , जाति देखिन्छ । उनीहरु वाहेक पेशाको रुपमा नोकरी पनि गर्दछ । विशेष गरी महिलाहरु जो निरक्षर छन्, तिनीहरु कृषिमा निर्भर दृखिन्छ । त्यस्तै जागीर खाएर जीवन निर्वाह गर्नेको संख्या १० अर्थात् २० प्रतिशत देखिन्छ । यसमा विशेषगरी क्षेत्री, मगर, मैथली जाति रहेका छन् भने व्यापार गर्नेको घरसंख्या ४ अर्थात् ८ प्रतिशत रहेकाछन् । यसमा विशेषगरी मैथली, मगर समुदायका मासिनसहरु रहेको देखिन्छ भने ज्याला मजदुरीको घरसंख्या ९ अर्थात् १८ प्रतिशत रहेकाछन् । यस पेशामा विशेष गरी दमाइ, कामी र चमार रहेका छन् । यस गाउँका अधिकांश मानिसहरु कृषिमानै निर्भर रहेका हुनाले आर्थिक अवस्था सनतोष जनक मान्न सकिन्न । व्यावसायीक रुपमा कृषि नभएको कुनै आधुनिक उद्योग धन्दा नभएको मान्न सकिन्न । व्यावसायीक रुपमा कृषि नभएको कुनै आधुनिक उद्योग धन्दा नभएको नगदेबालीको प्रबन्ध नभएको र स्थानिय मागलाई धान्न गाह्रो पर्ने हुनाले आर्थिक पक्ष कमजोर रहेको छ । तुलनात्मक रुपमा मगर , मैथिली, क्षेत्री जातिको स्थिति राम्रो रहेको छ । भने अन्य जातिको स्थिति दयनिय नै देखिन्छ । दमाई जातिले अहिले पनि परम्परागत लुगा सिउने, चमार जातिको जुत्ता, चपल सिउने, ज्याला मजदुरी गर्ने गरेको पाईयो यिनीहरु अहिले पनि अरुजातिको हलो जोतेर आफ्नो जीवीकोपार्जन गरिरहेका छन् भने कामीहरु पनि अन्य जातिको घरमा हली बस्ने ,

ज्याला मजदुरी गर्ने, फलाम कुटने काममा नै  लागिपरेका हुनाले उनीहरुको आर्थिक अवस्था पछिपर्नुका कारणहरु देखिन्छ । जसबाट उनिहरको आर्थिक अवस्थामा सुधार आउने सम्भावना रहेको देखिन्छ । फलतः उनीहरु कसैको हली र भरिया भएर उनिहरु जीवन निर्वाह गरिरहेका छन् ।

### ५.३.२ पेशाको आधारमा जनसंख्याको बनोट ( १६ वर्ष भन्दा माथि )

तेतरीया गाउँमा रहेका मानिसहर मध्ये धेरैजसो कृषि पेशामा संलग्न रहेको देखिन्छ । अन्य क्षेत्रमा थोरै जनसंख्या मात्र लागेको देखिन्छ । यस कुरालाई तलको तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. ८ पेशाको आधारमा जनसंख्याको बनोट ( १६ वर्ष माथिको )**

| क्र.सं. | पेशा | पुरुष | | महिला | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | कृषि | २० | १९.०४ | ३२ | ३३.६८ | ५२ | २६ |
| २ | नोकरी | ३४ | ३२.३९ | ६ | ६.३२ | ४० | २० |
| ३ | व्यापार | १ | ०.९७ | ४ | ४.२२ | ५ | २.५ |
| ४ | ज्याला, मजदुरी | २५ | २३.८० | १२ | १२.६४ | ३७ | १८.५ |
| ५ | अध्ययन | १६ | १५.२३ | १५ | १५.७८ | ३१ | १५.५ |
| ६ | घर बस्ने वा घरको काम गर्ने | ७ | ६.६७ | २६ | २७.३६ | ३३ | १६.५ |
| ७ | राजनीति | २ | १.९० | - | - | २ | १ |
| | जम्मा | १०५ | १००.० | ९५ | १००.० | २०० | १००.० |

श्रोतः स्थलगत अध्ययन २०७५

अध्ययनको क्रममा परेका ५० घर जम्मा जनसंख्या २४७ रहेको छन् तर यस तालिकामा १६ वर्ष भन्दा माथि उमेर समुहकालाई मात्र पेशाको आधारमा व्यख्या गरेका छन् १६ वर्ष भन्दा कम उमेरका ४७ जनालाई यस तालिकामा व्याख्या गरेका छैन् ।

माथिका तालिका अनुसार १६ वर्ष भन्दा माथिको जनसंख्या २०० रहेको देखिन्छ । जसमा कृषि पेशा अपनाउनेमा २० पुरुष र ३२ महिला गरी जम्मा ५२ रहेको छन् अर्थात् २६ प्रतिशत रहेकोछ । त्यसतै गरी नोकरी गर्नेको संख्या ३४ पुरुष ६ महिला गरी जम्मा ४० जना अर्थात् २० प्रतिशत रहेका छन् । त्यसतै गरी व्यापार गर्नेको संख्या १ पुरुष र ४ महिला गरी जम्मा ५ जना अर्थात् २.५ प्रतिशत छन् । र ज्याला मजदुरी गर्नेको संख्या २५ पुरुष र १२ महिला जम्मागरी ३७ जना अर्थात् १८.५ प्रतिशत छन् । त्यसतै स्वतन्त्र भई अध्ययन गर्ने पुरुषको संख्या १६ र महिलाको संख्या १५ जम्मागरी ३१ अर्थात् १५.५ प्रतिशत रहेकाछन् ।

त्यस्तै घर बस्ने वा घरको काम गर्ने पुरुषको संख्या ७ र महिलाको संख्या २६ गरी जम्मा गरी ३३ अर्थात् १६.५ प्रतिशत रहेकाछन् । भने राजनीतिलाई प्रमुख पेशाको रुपमा अपनाउने पुरुषको संख्या २ अर्थात् १.९० प्रतिशत देखिन्छ भने ४७ ।

हाम्रो समाज कृषिप्रधान भएकोले मुख्य पेशा नै कृषि भएकोले गर्दा कृषिमा वढी उपस्थिति हुनु परेको हो कृषिमा पनि पुरुषको भन्दा महिलाको बाक्लो उपस्थिति रहेको पाईन्छ तर कृषिबाट आएको श्रोतहरुमा पुरुषहरुले निर्णय गर्ने गर्दछ । महिलाको वढी उपस्थिति हुनुमा हाम्रो समाजमा महिलाप्रतिको विभेधिकारी दृष्टिकोण हो । महिलाहरु पुरुष सरह स्वतनत्रता नपाउनु हो, विभन्न अवसरहरु पाएता पनि उनिहरु त्यस्तो अवसरमा सामाजिक, मूल्यमान्यताका कारणले त्यसता किसिमको अवसरमा सहभागी हुन सकिरहेको हुदैन् साथै उनिहरु पुरुषको तुलनामा शिक्षित महिलाको संख्या कमहुनु पनि प्रमुख कारण हो , घरव्यवहार कृषि पेशावाट मात्र चलन नसक्ने हुँदा महिलाहरु कृषिपेशामा लागने गरेको र पुरुषहरु बाह्यकाममा लागने गरेको देखिन्छ त्यसतै गरी महिलाहरुलाई अन्य कल कारखानामा पनि ज्यालाको असमनताको कारणले गर्दापनि पुरुषको तुलनामा महिलाहरुलाई कम ज्याला दिएका हुन्छ , त्यसतै गरी महिलाहरुले बच्चा सेहार्ने, लुगाधुने, खाना पकाउनुपर्ने , गाई बस्तुको हेरचाहा गर्नुपर्ने, घास दाउँरा ल्यउनुपर्ने विविध समस्याहरुको कारणले गर्दा पनि पुरुषको तुलनामा महिलाको सहभागिता नोकरी, ज्यालामजदुरी, राजनिति आदि क्षेत्रमा कम सहभागिता भएको हुन हुन सक्छ ।

५.३.३ भूमिका विवरण (भु-सवामित्व)

यस अध्ययन क्षेत्रको घरपरिवारको स्वामित्वमा रहेको जग्गा निम्न तालिका अनुसर प्रष्टपार्न सकिन्छ ।

तालिका नं. ९ तेतरीया गाउँका मानिसहरुको घर परिवारको स्वामित्वमा रहेको भुमिको वितरण

| क.स. | भू- स्वामित्व | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भुमिहिन | ५ | १०.०० |
| २ | ०-९९ धुर | ३ | ६.०० |
| ३ | १-१९ कठ्ठा | ११ | २२.०० |
| ४ | १-५ विगाहा | ३१ | ६२.०० |
| जम्मा | | ५० | १००.०० |

श्रोत : स्थलगत अध्ययन २०७५

माथिका तालिका अनसार यस अध्ययन क्षेत्रमा ५० घरपरिवार मध्ये ५ परिवार अर्थात् १० प्रतिशत भूमिहीन देखिन्छ । ०-१९ धुर जग्गा हुने घर परिवारको संख्या ३ अर्थातत्र ६ प्रतिशत देखिन्छ । त्यसतै गरी १-१९ कठ्ठा जग्गाहुने घरपरिवारको संख्या ११ अर्थत् २२ प्रतिशत देखिन्छ भने १-५ विगाह हुने घरपरिवारको संख्या ३१ अर्थात् ६२ प्रतिशत देखिन्छ । आर्थित र्हसियत मूलतः भूमिमाथिको स्वामित्वको दर्साउने हुँदा यस गाउँको जीवन स्तर सामान्य रहेको पाईन्छ ।

५.३.४ जातिको आधारमा औषत भूमि वितरण तेतरीया गाउँको यस अध्ययन क्षेत्रमा विभिन्न जातजातिको मानिसहरु बसोबास गर्दछन् । ती जातिहरुको विचमा भुमिको स्वामित्ब के कति रहेको छन् भन्नेकुरा तलको तालिकामा देखाईएको छ ।

तालिका नं. १० जातिको आधारमा औषत भुमि वितरण

| क्र.स. | भू-स्वामित्वको क्षेत्रफल | मगर | मैथली | चमार | क्षेत्री | दमई | कामि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | घर संख्या | घर संख्या | घर संख्या | घर संख्या | घर संख्या | घर संख्या | घर संख्या |
| १ | भूमिहिन | - | - | ३ | - | २ | - | ५ |
| २ | ०-९९ धुर | १ | - | १ | १ | - | - | ३ |
| ३ | १-१९ कठ्ठा | ९ | २ | - | - | - | - | ११ |
| ४ | १-५ विगाहा | ९ | १३ | - | २ | १ | - | ३१ |
| | जम्मा | ३० | १९ | ४ | ३ | ३ | १ | ५० |

श्रोत : स्थतलगत अध्ययन २०७५

माथिका तालिका अनुसार तेतरीया गाउँका ५० घरपरिवार मध्ये ५ घरपरिवार भूमिहिन देखिन्छ जसमा दमाई २ र चमार तीन घरपरिवार छन् । त्यसैगरी ०-१९ धुर जग्गाहुनेमा ३ घरपरिवार देखिन्छ । जसमा मगर १ , क्षेत्री १ , चमार १ रहेका छन् । भने १- १९ कठ्ठा जगगाहुने घरपरिवारमा मगर ९ र मैथली २ घर परिवार छन् भने १-१९ कठ्ठा जग्गाहुने घरपरिविार देखिदैन् । भने १-५ विगाहा जाग्गाहुने घरपरिवार मगर ९ र मैथली १३, क्षेत्री २ र दमाई १ घरपरिवार रहेकाछन् । माथिका तालिकाबाट के स्पष्ट हुन्छ भने विभिन्न जातिको विचमा भूमिको तुलना गर्दा सबैभन्दा वढि भूमि मैथली जातिमा देखिन्छ । मैथलीजातिमा १ घर परिवारलाई औषत ४ विगाहा १० कठ्ठा पर्न आउँछ । त्यसैगरी दोस्रो स्थान मगर जातिको रहेको छ । मगर जातिमा १ घरपरिवारलाई औषत भूमि ३ विगाहा १४ कठ्ठा पर्न आउँछ भने क्षेत्री जातिमा १ घरपरिवारलाई औषत भूमि ३ विगाह ६ कठ्ठा पर्न आउँछ । त्यसतै गरी दमाई जातिहरुमा १ घरपरिवारलाई १ विगाहा १३ कठ्ठा पर्न आउँछ भने चमार जातिलाई १ घर पविरवार लाई औषत भूमि ६ धुर पर्न आउँछ भने कामी जातिहरुमा १ घर परिवारलाई औषत भूमि १९ धुर पर्न आउँछ ।

यसरी माथिको तालिका बाट हेर्दा मैथलि जातिमा औषत भूमि वितरण अन्य जातिको तुलनमा बढी रहेको देखिन्छ । यस जातिमा अन्य जातिको तुलनमा बढी

भुमिहुनुका मुख्यकारण यिनिहरु अन्यजातिको तुलनामा बढी मेहनेत गर्नु सक्नु , उनीहरु चाहि भारतबाट नेपाल भित्री भारतको पैशा नेपालमा धेरै हुने  हुँदा उनिहरुले वढी जग्गा जमिन जोह गरेकाले अन्यजातिको भन्दा धेरै भएका हो त्यसतैगरी यिनिहरु चाडपर्वमा सिमित खर्च हुनेभएका कारणले पनि हो । उनिहरु जाड रक्सि नखाने पैसालाई सिमित काममा मात्रखर्च गर्ने प्रवृति भएकोले पनि हो भने मगर, क्षेत्री, कामी , दमाईहरुले दशैं र तिहार जस्ता चाँडहरुमा मैथलीहरुसँग ऋणलिएर  भएपनि चाड मनाउने प्रवितिका कारणले गर्दा मैथिलीहरुको ऋणीभई त्यसको वापत आफ्नो जग्गा जमिन मैथिलीहरुलाई दिनपरेको वाध्यता देखिन्छ त्यसकारण अन्य जातिको तुलनमा मैथली हरुको बढी जमिन रहेको पाईन्छ । त्यसतै गरी मैथली, मगर, क्षेत्री जातिहरुको तुलनामा चमार, दमाई कामिको भू-स्वामित्वमा कम पँहुच देखिन्छ । किनकी त्यस ठाउँमा चमार, दमाई, कामी जातिहरुलाई मगर, मैथली, क्षेत्रीहरुले आफ्नो आवश्यकता पुरागर्नको निम्ति पछिमात्र वोलाई केही बस्नका लागि थोरै जग्गा दिएको पाईन्छ । पेटपालनको लागि ठूलाजातिहरुले पालेको गाई भैसी मर्दा चमार जातिले फाल्नुपर्ने, ठुलाजातिहरुको घरमा हली बस्नुपर्ने महिला, पुरुष, बालबच्चासबै मिलि खेति लाईदिनुपर्ने , ठुला जातिको जुत्ता चपल च्यातिएको खण्डमा सिलाई गर्नुपर्ने देखिन्छ । यिनीहरु यस्ता किसिमका परम्परागत मुल्यमान्यता अनुसार जातिको आधारमा गरेको कामको वाडफाडमा ने सिमित रहेका कारणले गर्दा यि जातिका मानिसहरुले जग्गा जमिन जोडन नसकेको देखिन्छ । त्यसतैगरी दमाई, कामीजातिहरुलाई पनि मगर , मैथिली, क्षेत्रीजातिहरुले आफ्नो आवश्यकता पुरागर्न पछिमात्र उनिहरुलाई थोरै जग्गा दिएर बस्नदिएको हो भन्ने बुझिन्छ । यी जातिका मानिसहरुलाई पनि हली बनाउने र सिप भएका मानिसहरुलाई फलाम कुटने , कोदालो, खुकुरी , खुर्पी, हसीया, चुलेसी, बनाउँन लागउने । दमाई जातिका मानिसहरुलाई लुगासिउने, विवाहमा बाजा बजाउने काममा लागउने र त्यसको वापत वर्ष दिनको ज्याला अत्यन्तै न्युन दिने जसको कारण उनीहरुमा आर्थिक अवस्था कमजोर रहयो । चमार, कामी, दमाई जातिहरु आर्थिक अवस्थामा सबलहुन नसकुन उनीहरु परम्परागत तरिका अनुसार त्यसैपेशालाई निरन्तरता दिनुपनि हो । साथै त्यहाँका आदिवासीहरु बाट उचित ज्याला र अन्यकार्यमा

मौका अथवा अवसर नदिनुपनि हो । साथै यी जातिहरुमा आफूसँग केही रकम हुदासम्म काममा नजाने र जाँड, रक्सी खाएर लथालिंग अवस्थामा भैतारिएर हिड्ने प्रवृतिले गर्दा उनिहरु जग्गा जमिन जोह गर्न नसकेका कारणपनि हुन । तर हाल सम्म हिजो को तुलनामा यी जातिहरुमा पनि धेरै थोर रुपमा सुधार आईरहेको देखिन्छ ।

### ५.३.५ घर परिवारको आम्दानीको श्रोत

तेतरीया गाउँको मासिले नोकरी , कृषि, व्यापार, पशुपालन, ज्याला मजदुरी आदि व्यावसायबाट प्राप्त गर्ने गरेको वार्षिक आम्दानी निम्न अनुसार रहेको छ ।

तालिका नं. ११ वार्षीक आम्दानीको आधारमा घरसंख्याको वितरण

| क.सं. | आम्दानी रु हजारमा | घरसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-१० | २ | ४ |
| २ | १०-३० | ३ | ६ |
| ३ | २०-३० | ३ | ६ |
| ४ | ३०-४० | ९ | १८ |
| ५ | ४०-५० | १६ | ३२ |
| ६ | ५०-१००००० | १३ | २६ |
| ७ | १ लाख भन्दा बढी | ४ | ८ |
| जम्मा | | ५० | १००.०० |

श्रोत : स्थलगत अध्ययन २०७५

माथिका तालिका अनुसार तेतरीया गाउँमा रु १० हजार सम्म वार्षिक आम्दानीहुने घरसंख्या २ अर्था ४ प्रतिशत रहेको देखिन्छ । त्यसतै गरी १० हजार देखि २० हजार सम्म बार्षिक आम्दानी हुने घर संख्या ३ अर्थात् ६ प्रतिशत रहेको देखिन्छ । सोही प्रकार २०-३० हजार आमदानी हुने ३ घर परिवार आर्थत् ६ प्रतिशत देखिन्छ भने ३०-४० हजारमा सम्मा आम्दानी हुने घरपरिवारको संख्या ९ अर्थात् १८ प्रतिशत देखिन्छ । त्यसरी ने ४०-५० हजार सम्म वार्षिक आम्दानी भएको घरपरिवारको संख्या १६ अर्थात् ३२ प्रतिशत देखिन्छ । त्यस्तै गरी ५०-१ लाख र १ लाख भन्दा बढी आम्दनी भएको घरपरिवारको संख्या क्रमशः १३,२६ अर्थात् ४ र ८ घर परिवार देखिन्छ ।

यसरी माथिको तालिकालाई हेर्दा यस अध्ययन क्षेत्रको जनताको औषत वार्षिक आम्दानी करिब ६५००० रुपयाँ पर्न आउँछ जुन समिष्टगत रुपमा राम्रो नै भएता पनि धनि र गरीबको खाडल भने अत्यन्त बढी देखिन्छ । जुन त्यस क्षेत्रको विकासमा वाधक देखिन्छ ।

५.३.६ जातिगत आधारमा मासिक आम्दनी

**तालिका नं. १२ जातिगत आधारमा मासिक आम्दानी ( १६ वर्ष भन्दा बढी )**

| मासिक आम्दानी रु हजारमा | मगर | | | मैथिलि | | | चमार | | | क्षेत्री | | | दमई | | | कामि | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| ०-२००० | ८ | १७ | २५ | ३ | १६ | १९ | - | ४ | ४ | - | - | - | | २ | २ | | १ | १ |
| २०००-५००० | १८ | ७ | २५ | ३ | ६ | ९ | ३ | २ | ५ | १ | ३ | ४ | १ | १ | २ | १ | | १ |
| ५००० माथि | २६ | १ | २७ | २१ | १ | २२ | २ | | २ | २ | | २ | १ | | १ | १ | | १ |
| | ५२ | २५ | ७७ | २७ | २३ | ५० | ५ | ६ | ११ | ३ | ३ | ३ | २ | ३ | ५ | २ | १ | ३ |

श्रोत : स्थलगत अध्ययन २०७५

माथिका तालिका अनुसार यस अध्ययन क्षेत्रमा रहेका विभिन्न जातिहरुमध्ये रु २००० आम्दानी गर्ने मगर जातिमा ८ जना पुरुष र १७ जना महिला गरी जम्मा २५ जना, त्यस्तै मैथिली जातिमा पुरुष ३ महिला १६ गरी जम्मा १९ जना, त्यसतैगरी चमार जातिमा ४ जना महिला क्षेत्री जातिमा शून्य रहेका छन्, त्यसतै गरी दमाई जातिमा महिला दुई जना छन्, भने कामी जातिमा माहिला १ जना देखिन्छ । त्यसै गरी २००० - ५००० सम्मा आम्दानी गर्ने मगर जातिमा पुरुष १८ र महिला ७ गरी जम्मा २५ जना देखिन्छ। त्यसतै गरी मैथिली जातिमा

पुरुष ३ र महिला ६ जना गरी ९ जना छन् भने चमार जातिमा पुरुष ३ र महिला २ जना गरी जम्मा ५ जना रहेको देखिन्छ । क्षेत्री जातिमा पुरुषको संख्या १ छ भने महिलाको संख्या ३ छन् । दमाई जातिमा पुरुष १ र महिला १ गरी २ जना देखिन्छ । र

कामी जातिमा महिला १ रहेका छन् । रु ५००० हजार भन्दा बढी मासिक आम्दनी गर्नेमामगर जातिमा २६ जना पुरुष र १ जना महिला गरी २७ जना छन् । मैथिली जातिमा २१ पुरुष र १ जना महिला गरी २२ जना, चमार जातिमा २ पुरुष रहेका छन् । क्षेत्री जातिमा २ जना पुरष रहेका छन् । दमाई जातिमा पनि १ जना पुरुषछन् भने कामी जातिमा पनि १ जना पुरुष रहेकाछन् ।

माथिका तालिका बाट के कुरा प्रस्ट हुन्छ भने यस अध्ययन क्षेत्रको विभिन्न जातिको मानिसहरु विच मासिक आम्दानीको तुलना गर्दा सबैभन्दा पहिलो स्थानमा मगर र दोस्रो स्थानमा क्षेत्री र तेस्रो स्थानमा मैथलि जाति रहेकाछन् भने चौथो स्थानमा कामी र पाँचौ स्थानमा चमार र अन्तिममा दमाई रहेका देखिन्छ । जसले उनिहरुको जीवन स्तरलाई निर्धारण गर्दछ । भूमिको भू - स्वभित्वमा सबै भन्दा बढी भूमि मैथिली जातिको रहेको छ तर मासिक आम्दानीको तुलना गर्दा मगर, क्षेत्री जाति नै आगाडी रहेका छन् । यसको प्रमुख कारण भनेको उनीहरुले महिलाप्रति गरेको बन्देज, सांस्कति, सामाजिक मूल्य मान्यता, अशिक्षा चेतनाको कमी नै हो किनभने भैथली समुदायमा छोरीहरुको साने उमेरमा विवाह गरिदिने हुन्छ र उनीहरु श्रीमान्को घरमा गईसके पछि नगन्य मात्रामा बुहारीहरुले उच्च शिक्षा हासिल गरेको हुन्छ त्यसकारण उनिहरु सरकारी सेवा, निजक्षेत्रमा मैथिली जातिका महिलाहरु रोजगारीबाट बञ्चित भएका हुन्छ भने अर्का पक्ष उनिहरु घरबाट अनुमति दिएको हुदैन, उनिहरु पुरुषको निर्णयमा रहेको हुन्छ, पुरुषहरुले उनिहरुलाई कुनैपनि सरकारी र निजि क्षेत्रहरुमा काम गर्न दिईरहेको हुदैन । यदी आफूले मनपर्ने काम गरेको खण्डमा उनीहरुलाई विभिन्न किसिमको आरोप प्रत्यारोप लागाई सम्बन्ध बिग्रने सम्म सम्भावना हुन्छ । त्यसकारण कुनै किसिमको अवसर पाएपनि सम्बन्ध विग्रने डरले पनि कतिपय मैथली समुदायका महिलाहरु पाएको अवसरलाई पनि समाजिक मूल्य-मान्यता, सांस्कृतिलाई ध्यान दिएर उनिहरु त्यसतो अवसरको सदुपयोग गर्दैनन् त्यसकारणले होला मैथिली समूदायका महिलाहरु वढीमात्रामा कृषि र चुलो चौकामा मात्रै सिमित राखने र पुरुषहरु मात्र बाहिर तिर कमाउनेहुदा मैथिलीहरु सँग बढी भूमी हुदाहुदै पनि

मगर जाति र क्षेत्रीजातिको तुलनामा मासिक आम्दानीमा कमी आएको हुनसक्छ । तर यस्ता किसिमका सामाजिक मुल्य मान्यतामा परिवर्तन भने आईरहेको देखिन्छ ।

त्यसतै गरी मगर जातिमा महिलालाई स्वतन्त्रता पुरुष सरह नै हुने कुनै काममा निर्णय गर्नुपर्दा दुबैमिलि निर्णय गर्ने, सरकारी र निजीक्षेत्रमा काम गर्ने , ज्यालादारी गर्नुपरेता पनि मिलेर गर्ने भएका कारणले गर्दा अन्यजातिको मासिक आम्दानीमा मगर जातिहरुको मासिक आम्दनी बढी देखिन्छ साथै जग्गामा पनि पँहुच भएका कारणले पनि हो ।

त्यस्तै गरी क्षेत्री जातिका महिलाहरुमा मैथिली भन्दा धेरै र मगर महिलाहरु भन्दा कम स्वतन्त्रता रहेको पाईन्छ तर पनि यी जातिका महिला पुरुष शिक्षित हुनु, कृषिका साथै अन्य पेशामा पनि जोडदिनु, भुमिको पँहुच भएको कारणले पनि क्षेत्री जातिको मैथिली, चमार, कामी , दमाई भन्दा बढी रहेको पाईन्छ ।

त्यस्तै गरी चमार, दमाई कामिजातिहरुको मासिक आम्दनीमा कमी हुनुका कारण उनिहरु त्यसठाउँको भूमिमा पँहुच पुऱ्याउनु नसकनु, पुरानो पेशामा लागिपर्नु , पुरानो पेशालाई आधुनिकतामा ढाल्न नसक्नु, ठूलाजातिको सेवामा लागी पर्नु, हली र गोठाला बन्नु बाध्यहुनु, वार्षिक ज्यालादारीमा सिमित रहनु, अशिक्षित हुनु, स्थानिय स्तरमा पँहुच कम रहनु, परिश्रम गरेअनुसार ज्याला नपाउँनु आदी कारणबाट मगर, मैथली, क्षेत्रीजातिको तुलनामा चमार, दमाई, कामीजातिका मासिक आम्दनी कम भएको हो तर हिजोको तुलनामा हाल यो अवस्थामा पनि केही सुधार हुँदै आईरहेको देखिन्छ ।

तेतरीया गाउँमा धेरै जातजातिका मानिसहरको बसोवास रहेको छ । यसरी जातिगत रुपमा विविधता देखिएता पनि सबै मानिसहरको सामाजिक मुल्य र मान्यता हिन्दु धर्म अनुसार नै आबद्ध रहेको देखिन्छ । जातजातिको आ-आफ्नै किसिमको भाषा, रिती-रिवाज, संस्कृति, परम्परा रहेकाछन् । सबै जातिले लाउने पोशाकमा समान किसिमको देखिन्छ । साडी, ब्लाउँज, लागाँउदछ भने आजभोलीका नयाँ पुस्ताका महिलाहरुले भने कुरथा, सरुवाल,पाईन्ट, टिर्सट, फ्राक लागाउँदछन् । क्षेत्री, दमाई,कामी जातिका मानिसहरु नेपाली भाषा बोल्दछ भने मगर जातिहरु मगर भाषानै बोल्दछ ।

मैथिली समुदायका मानिसहरु पनि मैथिली भाषा नै बोल्दछ भने सर्म्पक भाषाको रुपका नेपाली भाषा रहेकाछन् ।

समाजमा अन्य जातिको महिलाहरुको तुलनमा दमाई, कामी, चमार जातिका महिलाहरुको भूमिका नराम्रो पाईयो उनीहरुसँग छुवाछुतको भेदभाव गरिएको पाईयो । दमाई, कामी, चमार जातिका महिलाहरुले अन्य जातिहरुको घरमा पसन नपाईने, उनीहरुले छोएको पानी नचल्ने, सँगै कुवा, धारा, ईनारमा,पधेरोमा पानी नभर्ने जस्ता व्यवहारहरु पाइयो यसले के अर्थ प्रष्ट पार्दछ भने यस ठाउँमा अहिलेपनि पुरानो मुल्यमान्यता, शोषण प्रवृतिहरु यथावत नै रहेको पाइयो यी सबैको कारण शिक्षा नै हो ।

तेतरीया गाउँका मानिसहरुको आीर्थक अवस्थाको अध्ययन गर्दा यस क्षेत्रका महिलाहरु आर्थिक दृष्टिकोणले पछाडी परेको देखिन्छ । आीर्थक रुपमा पनि पछि पर्नुको प्रमुख कारण शिक्षाको अभावले गर्दा नै हो । यदी राम्रो मात्रामा शिक्षाको अवसर पाएमा विभिन्न आयमुलक कार्यक्रममा सक्रिय हुने थिए । आय आर्जन गर्न सक्रिय रहेका २९ महिलाहरुमा पनि प्राय गरेर कृषि पेशामा नै संलगन रहेको पाईन्छ । पेशा वा व्यवसायको आधारमाम तेतरीया गाउँका १६ बर्ष माथिको महिलाहरुको समूहलाई तुलना गर्दा कृषि पेशा अपनाउँने ३२ जना रहेका छन् । जुन सम्पुर्ण महिलाको ३३.६८ प्रतिशत हो त्यस्तैगरी सरकारी वा निजी क्षेत्रमा काम गर्ने ६ जना, व्यापार गर्ने महिलाको संख्या १२ जना र स्वतन्त्र भएर केही काम नगरी अध्ययन गर्ने छात्राको संख्या १५ जना देखिन्छ भने २३ जना महिला घर भित्रको काम गरेर बसेका छन् भने केही नगरी बस्ने महिलाहरुमा ३ जना रहेको पाईन्छ ।

तेतरीया गाउँका महिलाहरुको सम्पतिमा के कस्तो अधिकार छ ? आय आर्जनमा के कति महिलाहरु सहभागी छन् भन्ने सर्न्दभमा विभिन्न जातिको बिच तुलना गर्दा मासिक २ हजार सम्म आम्दानी गर्ने मगर जातिमा १७ जना,, मैथली जातिमा १६ जना, चमार जातिमा ४ , क्षेत्री जातिमा १ जना पनि नभएको र दमाई जातिमा २ जना छन् भने कामी जातिमा १ जना महिला रहेका छन् । त्यस्तै गरी ५ हजार आम्दानी गर्नेमा मगर जातिमा ७ जना, मैथिली जातिमा ६ जना, चमार जातिमा २ जना, क्षेत्री जातिमा ३ जना , दमाई जातिमा १ जना र कामि जातिमा शून्य रहेका छन् । त्यस्तै

गरी २ हजार देखि १० हजार सम्म आम्दानी गर्नेमा मगर जातिमा १ जना र मैथिली जातिमा १जना छन् भने अन्य जातिमा १ जना पनि छैन् । यसबाट के प्रष्ट हुन्छ भने महिलाको आर्थिक स्थिति ज्यादै नाजुक रहेका देखिन्छ ।

यस प्रकार जुनसुकै क्षेत्र वा ठाउँका मानिसको जीवनस्तर उनीहरुको आर्थिक अवस्थाले निर्धारण गर्दछ । सोही अनुसार तेतरीया गाउँका मानिसहरुको जीवनस्तर पनि उनीहरुको आर्थिक अवस्थाले निर्धारण गरे अनुरुप यस गाउँको पुरुष र महिलाहरुको जीवनस्तर उच्च किसिमको देखिदैन् । अझ महिलाहरुको आय स्थिती ज्यादै न्यून देखिन्छ । यी सबैको कारक तत्व शिक्षा नै हो । एउटै उमेरका छोरा र विवाहित छोरीहरुका शैक्षिक स्थितिको बारेमा बुझदा ज्यादै असमानता देखियो र एउटै उमेरका छोरा छोरी छन् भने छोरीलाई पढाउनुको साटो विवाह गरेर पठाएको देखियो भने छोराहरु पढ्दै गरेको पाईयो । साथै एउटै उमेरका श्रीमान् श्रीमतीका विचमा पनि शैक्षिक असमान्ता ज्यादै देखियो । श्रीमान् स्नातक गरेको तर श्रीमती साधारण रुपमा साक्षर नभएको पनि पाईयो जसले गर्दा यस क्षेत्रको समग्र विकासमा नै अवरोध सिर्जना गरेको छ । श्रीमान्को तुलनामा श्रीमती शिक्षित भएको केस विरलै पाईयो । यस ठाउँमा क्यामपस नभएको ले जातिगत संस्कार अनुसार जस्तै मैथिली समुदायमा बुहारीले ससूरा, जेठाजुहरुलाई मुख देखाउनु नहुने, घर भन्दा बाहिर जान नहुने आदि जस्ता कारणले पनि बुहारीहरुलाई उच्च शिक्षा हासिल गर्न अवसरबाट बञ्चित भएको पाईन्छ तर हाल यस्ता किसिमको मुल्यमान्यतामा पनि परिर्वतन आईरहेको छ । श्रीमान् शहरमा जागीरदार र व्यापार गर्नेहरुको बाहेक अन्यको श्रीमतीहरुको शिक्षा विवाह हुनुपूर्वका अवस्थामा मात्र सीमित रहेको पाइन्छ । साथै छोरा भन्दा बुहारी बढी पढेको विवाह गर्नु हुँदैन् । भन्ने मानसिकता अझै यस समाजमा विद्यमान रहेको पाईन्छ । छोराभन्दा बुहारी बढी पढेका विवाह गरेमा छोरालाई बसमा राख्छे र बुहारीको हैकम कायम हुन्छ भन्ने मानसिकता अझ प्रचुरमात्रामा पाईन्छ जसको प्रमुख कारण अशिक्षा ने हो ।

छोरीलाई विवाह गरिदिनु पर्छ भन्ने कुरा प्रयः सबैको घर परिवारमा रहेको पाईयो । आमा शिक्षित नहुँदा बाल बच्चाको शैक्षिक स्तरपनि चाहिने मात्रामा अघिबढन् सकेको देखिदैन् । जसको फलस्वरुप हालसम्म पनि यसक्षेत्रबाट उच्च स्तरको जनशक्ति

तयार भएको पाईदैन् । महिलाहरु अशिक्षित भएको यस क्षेत्रको आीर्थक अवस्थापनि धेरै कमजोर रहेको देखिन्छ । शिक्षाको अभावले गर्दा कृषिमा परम्परागत अनुसार खेतीअपनाउने शिक्षाको अभावमा नयाँ नयाँ मेसिन औजारको प्रयोग गर्नु नसक्नुले आर्थिक वृद्धिदर कम भएको पाईयो । यसरी महिलाहरुको शैक्षिक स्थितिले अन्य भाग जस्तै यस क्षेत्रको आर्थिक, समाजिक तथा शैक्षिक विकासमा समेत असर परेको पाईन्छ । तसर्थ शिक्षाको सुनौलो अवसर सबैतिर पुऱ्याउन सकेमा नै सम्पूर्ण नेपालीको कल्याण हुने देखिन्छ।

## अध्याय ६

## तेतरीया गाउँको मानिसको शौक्षिक अवस्था

मानव जीवनमा अन्य चिजहरुको आवश्यकता पर्दछ त्यसरी नै शिक्षाको पनि आवश्यकता पर्दछ शिक्षा विना मानिसको जीवन अधुरो हुन्छ । शिक्षा मानव जीवनको महत्व पुर्ण पक्ष हो जसले मानिसहरुलाई ज्ञान , चेतना, र विवेकशीलता प्रदान गर्दछ ।

कुनै पनि गाउँ, शहर, देश वा विश्वलाई विभिन्न पक्ष लगायत उत्पादन प्रकियामा सक्षम जनशक्तिको अवाश्यकता पर्दछ । त्यस्तो जनशक्ति उत्पादन गर्न शिक्षाले सहयोग पुऱ्याउँछ । शिक्षाले , सामाजीक, आर्थिक, बौद्धिक एवंम नैतिक पक्ष बलियो बनाउन सहयोग पुऱ्याउनुको साथै मानिस लाई बाँच्ने कला प्रदान गर्दछ । तसर्थ देश बनाउनु भन्नु नै समाजको शैक्षिक स्तरमा वृद्धि गर्नु हो यसमा पनि देशमा आधा भन्दा बढी जनसंख्या महिला भएको स्थितिमा महिला शिक्षाको विकास गर्ने वान्छनीय देखिन्छ । महिला तथा पुरुषको स्थिति देखाउने विभिन्न पक्ष मध्ये शिक्षापनि एक हो ।

**६.१ साक्षरताको आधारमा जनसंख्याको बनोट**

नारीको सामाजिक हैसियत झल्काउने विभिन्न सूचकहरुमध्ये साक्षारता र शैक्षिक योग्यतापनि हो । रोजगारी एंव समाज विकास र चेतनाको लागि शिक्षाको महत्पूर्ण स्थान हुन्छ । नारीले पनि पुरुष सरह शिक्षा पाएमा विकास प्रगतिको सागरमाथा चढ्न सक्छन् । कुरीति र असमान्ताको कालो पर्दाहरु च्यातन सक्छ र अविष्कारले सुनौलो विहानीहरु रच्न सक्दछन् । नेपाली नारीको शैक्षिक स्थिति पुरुषको तुलनामा निम्न छ । पुरुषप्रधान समाजमा पितृसत्ताको संस्थागत रुपमा विकास भएको हुदाँ नारीहरुले शिक्षाको अवसर पाउँनुको सट्टा पुरुष दमन, शोषण खप्न बाध्य हुनुपरेको छ ।

तेतरीया गाउँको मानिसहरुको शैक्षिक स्थीतलाई तलको तालिकाबाट स्पष्ट रुपमा बुझ्न सकिन्छ ।

**तालिका नं. १३ साक्षरताको आधारमा जनसंख्याको बनोट ( ५ वर्ष भन्दा माथि**

| शिक्षाको | पुरुष | | महिला | | जम्मा संख्या | |
|---|---|---|---|---|---|---|
| तह | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| साक्षर | ११२ | ८२ | ७० | ६३.६४ | १८२ | ७२.६९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| निरक्षर | २५ | १८ | ४० | ३६.३६ | ६५ | २६.३१ |
| जम्मा | १३७ | १०० | ११० | १०० | २४७ | १०० |

श्रोतः स्थलगत अध्ययन २०७५

माथिको तालिका अनुसार तेतरीया गाउँको ५ वर्ष भन्दा माथिको जम्मा जनसंख्या २४७ मध्ये साक्षार जनसंख्या १८२ अर्थात् ७३.६९ प्रतिशत रहेको छ । जसमा पुरुषको जम्मा साक्षरता ११२ अर्थात् ८२ प्रतिशत र महिलाको जम्मा संख्या ७० अर्थात् ६३.६४ प्रतिशत रहेको देखिन्छ । जवकी नेपालको राष्ट्रिय जनगणना २०६८ सँग तुलना गरी अध्ययन गर्दा तेतरीया गाउँको जम्मा साक्षरता ५६.६ प्रतिशत रहेको देखिन्छ । तेतरीया गाउँको नेपालको साक्षरता दरभन्दा १७.०९ बढी देखिन्छ । त्यस्तै गरी तेतरीया गाउँको पुरुषको साक्षरता दर ८२ प्रतिशत छन् भने नेपालमा जम्मा पुरुषको साक्षरता दर ७० प्रतिशत रहेकाछन् । जुन नेपालको भन्दा १२ प्रतिशत बढी देखिन्छ । त्यसै गरी तेतरीया गाउँको महिलाहरुको साक्षरता दर ६३.६४ प्रतिशत छन् भने नेपालको कुल महिलाहरुको दर ४२ प्रतिशत रहेको छ । जुन नेपालका कुल साक्षरता दर भन्दा २१.६४ प्रतिशतले वढी छन् ।

माथिका तालिकालाई हेर्दा पुरुषको तुलनमा महिलाहरु धेरै मात्रामा अशिक्षित रहेको देखिन्छ । यसका प्रमुख भनेको छोरा र छोरी बीचको भेदभाव र छोरी अर्काको घरजाने जात हो । जतिसुकै पढ्ेतापनि घरपरिवारमै समिति रहनुपर्ने अथवा चुलोको चालक बन्नुपर्ने बाध्यता भएकोले छोरीले पढ्नु हुदैन् भन्ने जस्ता मान्यता पनि हो ।

आज देशको प्रत्येक क्षेत्र पुरुषभन्दा महिलाको स्तिति पछाडी परिरहको हँदा शिक्षाको महत्व अत्यन्त छ । छोरीलाई पढाएर ठुलो मान्छे बनाउने कुरालाई भन्दा पनि एक चेतनशील , विवेकशील र निर्णयशील छोरी बनाउँछ भन्ने अध्ययन हरेका बुवा आमाले छोरीलाई शिक्षा दिनुपर्छ । अशिक्षाकै कारण चेलिबेटी बेचविखन, छिटो विवाह, यौन तथा सरुवा रोगको शिकार हुन वाध्यभएका छ । आजको बैज्ञानिक यूगमा पनि परम्परागत अन्धविश्वास र कुरीतिबाट नेपाली समाजमा पुरुषको तुलनामा बढी शिकार बन्न पुगेका छन् । कोही शिक्षित महिला ठूलाबाडाको साम् बोल्दा पोथी बासेको राम्रो हुदैन् भनिन्छ । नारीले जतिसुकै शिक्षा हासिल गरे पनि सामान्य लेखपढ गर्ने श्रीमान्को

कुरालाई मान्नुपर्ने बाध्यता छ । त्यसकारणले  विद्यालयजाने महिलाहरुको संख्या भन्दा पुरुषको संख्या संख्या बढी देखिन्छ । त्यसकारणले पुरुषको तुलनमा निरक्षर महिलाको संख्या वढी रहेको पाईन्छ ।

## ६.२ उमेर र लिङ्गको आधारमा शैक्षिक स्तरको अवस्था

यस तेतरीया गाउँमा बसोवास गर्ने महिला तथा पुरुषको शैक्षिक स्तर पत्ता लागउने उद्देश्यले उमेर र लिङ्गको आधारमा ५ वर्ष भन्दा बढी उमेर भएको जनसंख्याको शैक्षिक विवरणलाई निम्न तालिकामा देखाईएको छ ।

**तालिका नं. १४ उमेर र लिङ्गको आधारमा शैक्षिक अवस्था**

| क्र.सं. | शिक्षाको स्तर | पुरुष | | महिला | | जम्मा जनसंख्या | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | निरक्षर | २५ | १८.२४ | ४० | ३६.३६ | ६५ | २६.३१ |
| २ | साक्षर (१-५प्रा.वि) | ३० | २१.९१ | २० | १८.१८ | ५० | २०.२५ |
| ३ | नि.मा.वि.(६-८) | २६ | १८.९९ | २१ | १९.०९ | ४७ | १९.०२ |
| ४ | मा.वि.(९-१०) | ३१ | २२.६४ | १७ | १५.४६ | ४८ | १९.४४ |
| ५ | एस.एल.सी | १२ | ८.७६ | ८ | ७.२७ | २० | ८.०९ |
| ६ | आई.ए वा सो स | ८ | ५.७३ | ३ | २.७२ | ११ | ४.५७ |
| ७ | वि.ए वा सो  स | २ | १.४५ | १ | ०.९० | ३ | १.२१ |
| ८ | एम. ए वा सो स | ३ | २.१८ | - | - | ३ | १.२१ |
| | जम्मा | १३७ | १०० | ११० | १०० | २४७ | १०० |

श्रोत : स्थलगत अध्ययन २०७५

माथिका तालिका अनुसार तेतरीया गाउँको निरक्षर पुरुषको संख्या भन्दा निरक्षर महिलाको संख्या बढी रहेको पाईन्छ । यस अनुसार निरक्षर पुरुषको संख्या २५ जना अर्थात १८.२४ प्रतिशत छ भने निरक्षर महिलाको संख्य संख्या ४० आर्थत ३६.३६

प्रतिशत रहेको छ । साक्षर वा प्रा.वि. ( १-५ ) तहमा पुरुषको संख्या ३० अर्थात २१.९१ प्रतिशत रहेको छ ।

महिलाको संख्या २० अर्थात् १८.१८ प्रतिशत रहेको छ । त्यसै नि.मा.वि.तहमा पुरुष को संख्या २६ १८.९९ प्रतिशत र महिलाको संख्या २१ अर्थात १९.०९ प्रतिशत रहेको छ । यसरी नै मा.वि. तहमा पुरुषको संख्या ३१ अर्थात् २२.६४ प्रतिशत रहेको छन् भने महिलाको संख्या १७ अर्थात १५.४६ रहेका छन् । त्यसै गरी एस.एल.सी.परिक्षमा पास गर्ने पुरुषका संख्या १२ अर्थात ८.७६ प्रतिशत छन् । भने महिलको संख्या ८ अर्थात ७.२७ प्रतिशत रहेको देखिन्छ । आई.ए. सम्माको अध्ययन गर्ने पुरुषको संख्या ८ अर्थात् ५.८३ प्रतिशत छन् भने महिलाको संख्या ३ अर्थात् २.७२ प्रतिशत छन् । र महिलाको संख्या १ अर्थात् ०.९० प्रतिशत छन् । त्यसतै गरी एम.ए. पास गर्ने पुरुषको संख्या ३ अर्थात २.१८ प्रतिशत छन् । भने महिलाको संख्या ० रहेको छन् यसरी के कुरा प्रस्ट हुन्छ भने उच्च शिक्षा हासिल गर्ने मानिस कम हुनु भनेको आर्थिक अभाव, चेतनाको कमी, चाँडो विवाह र छोरा र छोरी बिच भेदभाव गर्नु नै प्रमुख कारण रहेको देखिन्छ ।

## ६.३ जातिगत आधारमा शिक्षाको अवस्था

यास अध्ययन क्षेत्र तेतरीया गाउँमा विभिन्न जातजातिको बसोबास रहेको छ ।स तिनीहरुको बिचको शैक्षिक स्थिति कस्तो रहेको छ भने कुरा तलको तालिकाबाट देखाईएको छ ।

**तालिका नं. १५ जातिगत आधारमा शिक्षाको अवस्था**

| शिक्षाको | मगर | | | मैथलि | | | चमार | | | क्षेत्री | | | दमई | | | कामि | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तह | पुरुष | मर्हि | जम्मा | पुरुष | महि | जम्मा | पुरु | महि | जम्मा | पुरु | महि | ज | पु | मर्हि | ज | पु | म | ज |

| | | हल<br>ा | मा | | ला | मा | ष | ला | मा | ष | ला | म<br>मा | रुष<br>ा | ह<br>ला | म<br>मा | रुष<br>ा | हि<br>ला | म<br>मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| निरक्षर | १० | २० | ३० | ६ | १५ | २१ | ५ | ४ | ९ | | १ | १ | १ | १ | २ | १ | १ | २ |
| साक्षरप्र.वि. (१-५) | १७ | ११ | २८ | ८ | ५ | १३ | १ | २ | ३ | ३ | १ | ४ | १ | १ | २ | | | |
| नि.मा.वि र एस.एल.सी | ३७ | २६ | ६३ | २४ | १३ | ३७ | ४ | १ | ५ | ३ | ३ | ६ | | २ | २ | १ | १ | २ |
| उच्च शिक्षा | ६ | ३ | ९ | | ५ | ५ | | | | १ | | १ | १ | १ | २ | | | |
| जम्मा | ७० | ६० | १३० | ४३ | ३३ | ७६ | १० | ७ | १७ | ७ | ५ | १२ | ३ | ५ | ८ | २ | २ | ४ |

श्रोत: स्थालगत अध्ययन २०७५

माथिको तालिका अनुसार तेतरीया गाउँमा बसोबास गर्ने विभिन्न जातिको मानिस बीच शिक्षाको स्थितिको अध्ययन गर्दा मगर जातिका साक्षरता हासिल गर्नेको संख्या पुरुष १७ महिला ११ गरी जम्मा २८ जना देखिन्छ । त्यसै गरी मैथिली जातिमा यो संख्या पुरुष ८ र महिला ५ गरी १३ जना देखिन्छ । त्यसै गरी चमार जातिमा यो संख्या पुरुष १ र महिला २ गरी जम्मा ३ जना देखिन्छ । त्यसै गरी क्षेत्री जातिमा योसंख्या पुरुष ३ र महिला १ गरी २ गरी जम्मा ३ जना देखिन्छ । त्यस्थै गरी क्षेत्री जातिमा यो संख्या पुरुष ३ र महिला १ गरी ४ जना देखिन्छ । त्यस्तै गरी यो संख्या दमाई जातिमा पुरुष १ र महिला १ गरी २ जना देखिन्छ भने कामी जातिमा सक्षरता अथवा प्रा.वि. तह हासिल गर्नेको संख्या शून्य देखिन्छ । त्यसै गरी नि.मा.वि. तह देखि एस.एल.सी सम्मको शिक्षा प्राप्त गर्ने मगर जातिमा पुरुषको संख्या ३७ र महिला २६ गरी ६३ जना छ भने मैथली जातिमा पुरुष २४ र महिला १३ गरी ३७ जना देखिन्छ । त्यस्तै गरी चमार जातिमा ४ पुरुष र १ महिला गरी जम्मा ५ जना देखिन्छ । भने क्षेत्री जातिमा ३ पुरुष र ३ महिला गरी ६ जना देखिन्छ । त्यसै गरी दमाई जातिका २ महिला मात्र देखिन्छ । कामी जातिमा १ पुरुष र १ महिला गरी २ जना रहेका छन् । उच्च शिक्षा आइ. ए. देखि एम.ए. सम्मको शिक्षा प्राप्त गर्ने मा मगर जातिमा ६ पुरुष र ३ महिला गरी ९ जना देखिन्छ । मैथली जातिमा ५ पुरुष छ  भने महिलाको संख्या शून्य

रहेको छन् । त्यस्तै गरी चमार जातिमा पनि महिला र पुरुषको संख्या शून्य रहेको छन् । भने क्षेत्रीजातिमा १ जना पुरुष रहेका छन् भने दमाई जातिमा १ पुरुष र १ महिला गरी २ जना रहेका छन् । कामी जातिको संख्या शून्य अवस्थामा नै रहेका देखिन्छ ।

नेपालको जनसंख्या र यस गाउँको शैक्षिक अवस्थालाई तुलनात्मक रुपले अध्ययन गर्दा नेपालको कुल साक्षरता दर र यस गाउँको जनताको साक्षरता दरमा १७.०९ प्रतिशत तेतरीया गाउँका मानिसको साक्षारता दर बढी छ । त्यस्तै गरी पुरुष र महिलाको साक्षरता दरलाई अलग अलग गरी तुलना गर्दा नेपालको पुरुषको साक्षरता र तेतरीया गाउँका साक्षरता १२ प्रतिशतले नेपालको पुरुषको साक्षरता भन्दा तेतरीया गाउँको पुरुषको साक्षरता वढी छ भने महिलाको हकमा २१.६४ प्रतिशतले वढी तेतरीया गाँउका महिला साक्षर रहेको तथ्याङ्कले देखाउँछ ।

नेपालको कुल जनसंख्याको दर भन्दा तेतरीया गाउँका मानिसहरुको साक्षरता दर राम्रो देखिएता पनि विभिन्न रोजगारमा अवसरमा प्रवेश पाउँन आवश्यक न्यूनतम तहको शैक्षिक स्तरको योग्यताको हकमा तेतरीया गाउँका मानिसहरु पछाडि नै छन् । यस क्षेत्रको पुरुष र महिलाको साक्षरता दरलाई हेर्दा पुरुष भन्दा महिला साक्षरता दरमा १८.३६ प्रतिशतले कमी रहनुका कारण आर्थिक अवस्था, कामको व्यस्तता, छिटो विवाह, छोरा र छोरीमा भेदभावको कारणले गर्दा भएको हो ।

तेतरीया गाउँका महिलाहरुको विभिन्न अवस्थालाई अध्ययन गर्ने क्रममा पुरुषको तुलनमा महिलाहरु हरेक क्षेत्रमा पछाडि रहेको पाईयो । नमुना अध्ययनमा परेका ४० जना निरक्षर पाईयो । जसमा प्रायःगरी प्रौढ अवस्थाका महिलाहरु छन् ।साक्षर महिलाको संख्या ७० छ । जसमा विद्यालय जाँदै गरेको वढी पाईयो । साधारण लेखपढ गर्न जान्ने वा प्रा.वि.तह पढेका २० जना, नि.मा.वि.तह पढेका २१ जना, मा.वि.तह पढेका १७ जन, एस.एल.सि. सम्म पढेका ८ जना , आई.ए सम्म पढेका २ जना, वि.ए.सम्म पढेका १ जना, र एम.ए गर्ने महिला १ जना पनि नरहेको पाएयो । यस प्रकार उच्च शिक्षा हासिल गर्नेको संख्या तेतरीया गाउँमा एकदमै कम वा नगन्य नै देखिन्छ ।

विभिन्न जात जातिका महिलाहरु बिच शिक्षाको स्थितिको तुलना गर्दा सबैभन्दा बढी निरक्षर महिला मगर जातिमा २० जना त्यस पछि क्रमै सँग मैथिली जातिमा १५ जना, चमार जातिमा ४ जना, क्षेत्री जातिमा १ जना , दमाई जातिमा १ जना पाईयो भने कामी जातिमा पनि १ जना महिला निरक्षर पाईयो । यसैगरी साधारण लेखपढ गर्न जान्ने वा प्रा.वि.पढने महिलाहरु सबैभन्दा बढी मगर जातिमा महिला संख्या ११ जना र कमै सँग मैथिली जातिमा ५ जना, चमार जातिमा २ जना, क्षेत्री जातिमा १ जना, दमाई जातिमा १ जना र कामी जातिमा १ जना पनि नरहेको पाईयो । त्यसै गरी नि.मा.वि. तह देखि एस.एल.सी.सम्म पढाई गर्ने महिलाहरुमा सबै भन्दा बढी मगर जातिमा ३ जना छ भने दमाई जातिमा २ जना र कामी जातिमा १ जना रहेको पाईयो ।

त्यसैगरी उच्च शिक्षा हासिल गर्ने महिलामा मगर जातिमा ३ जना छन् । र दमाई जातिमा १ जना बाहेक अन्य जातिमा उच्च शिक्षा हासिल गर्नेको संख्या शून्य अवस्थामा रहेको पाईयो । यसरी जातिय आधारमा शिक्षाको स्थिति तुलना गर्दा विविधकारणहरुले गर्दा असमान्ता पाईन्छ जस्तै चमार, कामी, दमाईजातिको महिलाहरु शिक्षामा पछि पर्नुका कारण उनीहरुको जग्गा जमिन कम भएकोले परिवारमा कमाउने संख्या एक जना हुन्छन् तर आश्रित संख्या वढी हुन्छन् । यस्तो अवस्थामा केटा केटीहरुले काम गर्न नसकुन्जेल विद्यालय पठाउने र काम गर्ने सक्ने भएपछि, ज्याला, मजदुरी गर्नु पर्ने अवस्था भएका कारणले उनिहरुको शिक्षामा पछि परेका हुन । दलित समुदायका मानिसहरु पढेर जागीर खानु हो भन्ने धारण राख्छन् ।जागीर खोज्न जाँदा ठूलाजाति ठूलाजातिका मानिसहरु लाई मात्र प्रथमिकता दिने र साना जातिका मानिसहरु भने अपेक्षा गरेकाले उनिहरुलाई मनोबैज्ञानिक रुपमा पढेर केही हुदैन् भन्ने ठान्छन् । त्यसकारण उनिहरु शिक्षामा पछिपरेका छन् । त्यस्तै गरी मैथिली समुदायमा महिलालाई चाडै विवाह गरिदिने, छोरीलाई भन्दा छोरालाई राम्रो शिक्षा दिनुपर्छ भन्ने भवनाले निरन्तरता पाउँनु, मैथली भाषामा पढाई नभएका कारण उनिहरुले नेपाली भाषा नबुझ्ने भएका कारणले बिचैमा पढाई छाडी दिने भएका कारणले पनि यी जातिमा महिलाहरुको उच्च शिक्षा हासिल गर्नेको संख्या कम देखिन्छ । त्यस्तै गरी

मगर,क्षेत्री जातिमा पनि पढेर के हुन्छ ? पढेर केही काम पाईदैन, भविष्यप्रति चिन्ता नभएका र खान पुगनेहरुले पनि खान पुगीहाल्छ किन पढ्ने भन्ने भावना राख्ने यी जातिहरुमा नि छोरा र छोरी बिचको भेदभावले गर्दापनि पुरुषको तुलनामा उच्च शिक्षा हासिल गर्नेको संख्या कम रहेको देखिन्छ ।

विद्यालय गईरहेको छोरा र छोरी बिचको भेदभाव गरेको पाईयो । जस्तो घरमा कुनै काम परेर स्कुल नपठाउने सवालमा छोरी स्कूल जान बाट रोक्ने , छोरालाई पढ्नको लागि समय वढी दिने, फुर्सदको समयमा खेली हिड्ने भने छोरीहरुलाई बढी मात्रामा काममा लागाउने जस्तै पानी ल्याउने, कपडा धुने, भाडा माझ्ने, घाँस, दाउरा गर्ने पठाउने भने छोराहरुलाईप्रईभेट स्कूलमा पढ्न पठाउने, टयूशन, कोचिङ्ग कलाश गर्न लागउने हुने खानेहरुले छोरालाई महङ्गा स्कूलमा पढ्नको लागी बाहिर पठाउने । छोरीहरु हुदा बुवा आमाले बोझ ठानि सानै उमेरमा विवाह गरि पठाउँने, विवाह पछि घरायसी काममै व्यस्त भई उच्चशिक्षा हासिल गर्न नसक्नु, स्रोत साधनहरुमा महिलाको भन्दा पुरुषको पँहुच हुनु, महिलालाई सजिलो हुने खालको आधुनिक मेसिन औजारहरुको विकास नहुनु, यस्ता कारणहरुले गर्दा पुरुषको तुलनामा महिलाहरु कम अशिक्षित र उच्चशिक्षा हासिल गर्ने नसकेका हुन । यस प्रकार तेतरीया गाउँका महिलाहरु शिक्षाको सुनौलो अवसरबाट प्रायःवञ्चित नै छन् । जसले गर्दा यस गाउँको शैक्षिक स्थिति नाजुक देखिन्छ । विगतको केही वर्षदेखि शिक्षाको प्रकाशले केही नयाँ गति लिदै आएको देखिन्छ । समाजमा महिला वा नारी शिक्षाको चेतना बढीरहेको छ । शिक्षित यूवा-यूवतिहरुले आफसमान शिक्षा प्राप्त गरेर जीवनसाथी खोज्ने चल्न बढदैछ । श्रीमान् र श्रीमतिको बीचमा चेतना वा शिक्षाको अन्तरले दुवैलाई असमान दिसामा फर्काउने हुँदा समाजलाई शिक्षित, सभ्य, चेतनशील, समतामुलक शोषणरहित बनाउँन नारीपुरुषबीचमा सहसम्बन्ध र सहअस्तित्व कायम गर्नुको निम्ति नारी माथिको शैक्षिक असमान्तालाई अनत्य गर्नुपर्ने अपरिहार्य देखिन्छ ।

## अध्याय-७

## सारांश र निष्कर्ष

### ७.१ सारांश

यस शोधग्रन्थमा गरीएको अन्वेशनात्मक, विशलेषणात्मक को आधारमा तेतरीया गाउँको महिलाहरुको समाजिक, आर्थिक र शैक्षिक अवस्थाको निष्कर्षहरु निम्नानुसार छन् ।

शिक्षित जनशक्ति नै राष्ट्रको अमुल्य सम्पदा र प्रगतिको सम्बाहक हुन भने शिक्षा समाजिक परिवर्तन शिक्षित जनशक्ति नै राष्ट्रको अमूल्य सम्पदा र प्रगतिको सम्बाहक हुन भने शिक्षा समाजिक परिवर्तन समाजका मान्यताहरुको संरक्षण र सुधारको बाहक हो । लिङ्गको रुपमा यसको समाजमा सामनुपातिक वितरण हुन नसक्दा अपेक्षित परिवर्तन र प्रगतितर्फ समाजले फडको मार्न सकेको छैन् । हाम्रो समाजमा विगत देखि नै कमजोर रहेको महिलाको शैक्षिक अवस्थाका कारण समाज विकासमा तगारो लागेका छ । मुलुकको आधाभन्दा बढी जनसंख्या ओगटेर बसेको महिलाहरुको शैक्षिक अवस्थामा दिनानुदिन सुधार आईरहे पनि वास्तवमा उनीहरुको शैक्षिक अवस्था अत्यन्तै कमजोर रहेको छ भने पुरुष महिलाको शैक्षिक दुरी समेत निकै टाढा छ । शिक्षाको स्थितीले समाजिक हैसियत तथा विभिन्न अवसरहरु उपयोग गर्ने र अवसर सिर्जना गर्ने सवालमा महत्वपूर्ण कारक तत्व बन्दछ तर पनि नेपाल जस्तो विश्वको विकासोन्मुख देशहरुमा अझपनि शिक्षामा मानिसहरुको उल्लेख पँहुच रहन सकेको छैन् । आर्थिक अभावको कारण शिक्षा हासिल गर्नमा समुदाय व्यक्ति बञ्चित हुनु परेको एउटा अवस्था छन् भने अर्कातिर समाजमा रहेको परम्परागत मान्यता, प्रचलन तथा संस्कारको कारण लैङ्गिक रुपमा शिक्षामा महिला र पुरुषको समान पँहुच रहन नसकेको यथार्तता देखिरहेको छौ ।

देशको आधाभन्दा वढी संख्या ओगटेको हाम्रो जस्तो विकसोन्मुख मुलुकमा महिला शिक्षाको अवस्था दयनिय देखिन्छ । कानुनको दृष्टिमा महिला र पुरुष दुवैलाई समान्ताको दृष्टिले हेरेको पाईन्छ । नेपाल अधिराज्यको संविधान २०४७ले पनि महिला र पुरुषलाई हरेक पक्षमा समान्ता प्रदान गरेको छ । तर व्यवहारमा भने महिलाहरुले पुरुष सरह शिक्षा प्राप्त गर्ने अवसरबाट बञ्चित भएका छन् । हरेका क्षेत्रमा महिलाहरुलाई विशेष व्यवस्था गरेको छ । जस अनुसार निजामति सेवा प्रवेशमा पुरुषलाई ३५ र महिलालाई ४० वर्ष तोकिएको छ । त्यसै गरी महिला बढुवा हुने

आधारमा पनि एक वर्ष घटी छ । त्यस्तै पुरुषको लागि परिक्षणकाल एक वर्ष कायम गरेका छन् भने महिलालाई ६ महिना मात्र निजामति सेवामा अस्थायी सेवा गरेको महिलालाई उमेरको हद नाघेपनि एक पटक सम्म लोकसेवा लिने परिक्षामा सामेल हुनपाउने अधिकार प्रदान गरीएको छ । यस्तो सुविधा राज्यले प्रदान गरेपनि फाईदा भने लिन सकेको पाईदैन् ।त्यसै गरी संविधानमा नै महिलाको लागि भनेर ५ प्रतिशत सदस्य उठाउनु पर्ने प्रावधान रहेपनि त्यसमा केवल औपचारीकता मात्र पुरा गर्ने किसिमले धेरैजसो राजनैतिक दलहरुले जित्न नसकेको ठाउँहरुमा मात्र महिलाहरुलाई टिकट दिएको पाईन्छ । प्राथमिक विद्यलयमा एकजना महिला शिक्षिकाको व्यवस्था गर्नको लागि एक दरबन्दी अनिर्वाय गरेको छ । शिक्षा मन्त्रालयबाट महिलाको लागि विभिन्न किसिमको छात्रवृतिको व्यवस्था गरेको पनि पाईन्छ ।तर विडम्बना महिलाहरु जतिमात्र अघिबढनु पर्नेहो त्यति मात्रपनि अघि बढेको पाइदैन् । यी सबैको कारण तत्व शिक्षा नै हो । अहिलेको परिपेक्ष्यमा शिक्षा यति महत्वपुर्ण त कि शिक्षा विनाको जीवन जटिल बन्दै गएको छ ।

विभिन्न कुराहरुलाई मध्य नजर राख्दै यस शोधपत्रमा खासगरी महिलाहरुको बिचमा शिक्षाको स्थिति के छ? कसरी उनिहरु शिक्षा प्रदान गर्न सकिन्छ र विकासको मुलधारमा समाहित गर्न सकिन्छ भन्ने कुराको अध्ययन हो । यसमा पनि विभिन्न जातिहरुको महिलाहरुको तुलनागरी कुन जातिको महिला अगाडी र कुन जातिको पछाडी छन् त्यसलाई पनि यस अध्ययनले देखाउछ ।

तेतरीया गाउँको मानिसहरुलाई सामाजिक तथा जनसांख्यिक अवस्थालाई हेर्दा पुरुषको अनुपातमा महिलाको संख्या केही कम देखिन्छ । अर्थात् ५४.०७ प्रतिशत र महिला ४५.९३ प्रतिशत रहेको पाईयो । यस अध्ययन क्षेत्रको विभिन्न जातजातिको मानिस बसोबास गर्दै आएकोमा सबै भन्दा धेरै जनसंख्या मगर जातिको ५०.३७ प्रतिशत, त्यसपछि दोस्रो स्थानमा मैथिली जाति ३३.७० प्रतिशत पाईयो भने त्यसपछि तेस्रो स्थानमा चमार जाति ६.६६ प्रतिशत पाईयो भने त्यसपछि क्रमसँगै क्षेत्री जातिमा ४.८२ प्रतिशत, दमाई जातिमा २.९७ र कामी जातिमा १.४८ प्रतिशत पाईयो ।

यस तेतरीया गाउँमा शैक्षिक स्थिति हेर्दा कुल जनसँख्या मध्ये निरक्षर जनसंख्या ७३.६९ प्रतिशत देखियो । विशेष गरी प्रौढ महिला अशिक्षित पाईयो भने अधिकांश बालबालिकाहरु शिक्षा ग्रहण गर्ने कार्यमा लागेको पाईयो । महिला पुरुष गरी १७ जनाले उच्च शिक्षा हासिल गरेको पाईयो । यस क्षेत्रको साक्षरता दर भन्दा राम्रो भए पनि विभन्न आयमूलक रोजगारीको अवसमा प्रवेश पाउँन आवश्यक न्यूनतम शैक्षिक योग्यताको हकमा भने पछाडी रहेको पाइयो  यस क्षेत्रको विभिन्न जातिहरु बीचको शैक्षिक स्थितिको तुलना गर्दा सबै भन्दा बढी मगर जातिका मानिस साक्षर देखिन्छ भने दोस्रो स्थानमा मैथिली जाति र क्षेत्री जाति तेस्रो रहेको पाईन्छ । त्यस क्षेत्रको विभिन्न विद्यालयमा गरेको अध्ययनबाट के कुरा प्रमाणित भयो त्यस क्षेत्रका मानिसहरुले आफ्नो छोरा र छोरीको बिचमा भेदभाव पूर्ण व्यवहार गरेको देखिन्छ । छोराको लागि आर्थिक लगानि बढि लगाएर प्रतिभाशाली व्यक्तित्व निर्माण गर्ने सोच भएको पाईयो भने छोरीलाई खासै लगानी लगाएको देखिदैन । त्यस क्षेत्रका विद्यालयको अध्ययनबाट यही कुराको पुष्टि गर्न सहयोग मिल्दछ । धार्मिक कानुनी रुपमा हेर्दा महिलाको स्थान उच्च छ । महिलालाई देविको रुपमा पुजिन्छ तर व्यवहारमा त्यो पाइदैन् ।

तेतरीया गाउँको आर्थिक अवस्थालाई हेर्दा दयनिय रुपमा रहेको देखिन्छ । यिनीहरुको मुख्य पेशा कृषि नै रहेको पाईयो । कृषिमा त्यस क्षेत्र कुल जनसंख्या २६ प्रतिशत लागेको पाईन्छ भने अन्य पेशा जागीर, व्यापार, ज्याला मजदुरी आदि पेशामा लागेका ७४ प्रतिशत र अरु प्रतिशत वृद्ध मानिस, विद्यार्थी र राजनितिज्ञ जो आयमुलक कार्यमा देखिदैन । तर जो जुनसुकै क्षेत्रसंलगन मानिसहरु अन्य पेशामा विशुद्ध रुपमा सिमित नरही कृषि पेशामा समेत संलग्न देखिन्छ ।

यस अध्ययन क्षेत्रमा परेको ५० घरपरिवार संख्या मध्य ५ घर परिवार भूमिहिन देखियो । भूमिहिन मानिसहरु ज्याला मजदुरी गरेर र व्यापार व्यावसाय गरेर जीवन यापन गरेको पाईयो । ०-१९ धुर सम्मा जग्गा हुने घरसंख्या ४ पाईयो । त्यस्तै गरी १-१९ कठ्ठा जग्गाहुनेमा १७ घरपरिवार भेटीयो भने १-५ विगाह जग्गा हुने घरपरिवारमा संख्या ३४ देखिन्छ । त्यस क्षेत्रमा बसोबास गर्न विभिन्न जातजातिहरु बिच जग्गाको स्वामित्वको तुलना गर्दा सबैभन्दा बढी जग्गा मैथली जातिमा र त्यसपछि कमसँग

मगर, क्षेत्री, दमाई, कामी र चमार देखियो । जसले विभिन्न जातजातिका मानिसहरुको बिचमा रहेको अर्थिक असमान्तालाई पनि देखाउँछ ।

यस क्षेत्रमा मानिसले विभिन्न व्यवसाय गरेर बार्षिक रु १० हजार सम्म आम्दानी गर्ने घर परिवार संख्या ३ देखियो भने २० हजार सम्म वार्षिक आम्दानी गर्ने घरपरिवार संख्या ६ देखियो । २० हजार देखि ३० हजारसम्मा वार्षिक आम्दनि गर्ने परिवार संख्या ४ देखिन्छ । त्यसै गरी ३० हजार देखि ४० हजारसम्म वार्षिक आम्दानी गर्ने घरपरिवार संख्या १३ छ भने ४० देखि ५० हजारसम्म वार्षिक आम्दानि घरपरिवार संख्या १६ देखिन्छ । ५० हजार देखि १ लाख भन्दा बढी वार्षिक आम्दानी गर्नेमा ५ घर परिवार देखिन्छ ।

त्यस्तै जातिगत आधारमा त्यस गाँउका मानिसको मासिक आम्दानीलाई तुलना गर्दा मासिक रु २ हजार सम्म आम्दानि गर्ने मगर जातिमा २५ जना भेटियो मैथिली जातिमा १९ जना, चमार जातिमा ४ जना, क्षेत्री जातिमा यो संख्या शून्य रहेको छ भने दमाई जातिमा २ जना, कामी जातिमा १ जना देखिन्छ । त्यसैगरी २-५ हजार सम्म मासिक आम्दानी गर्नेमा मगर जातिमा २५ जना, मैथिली जातिमा ९ जना, चमार जातिमा ५ जना, क्षेत्री जातिमा ४ जना, दमाई जातिमा २ र कामी जातिमा १ जना देखिन्छ । ५-१० हजार सम्म मासिक आम्दानी गर्ने मगर जातिमा २७ जना, मैथिली जातिमा २२ जना, चमार जातिमा २ जना, क्षेत्री जातिमा २ जना, दमाई जातिमा १ र कामी जातिमा १ रहेकाछन् ।

### ७.२ निष्कर्ष

वर्तमान बदलिदो यूगमा पनि यहाँको समाजमा पुरानै समाजिक, सांस्कृतिक मुल्य, मान्यताले स्थान पाईरहेकोले समाजको उन्नति र प्रगतिमा बाधा उत्पन्न गरीरहेको छ । यहाँका मानिसहरुको मुख्य पेशा कृषि भएपनि आधा भन्दा वढी परिवारलाई आफ्नो कृषि उत्पादनले खान पुगदैन । यहाँका महिलाहरुको सामाजिक, संस्कृतिक, आर्थिक, राजनैतिक लगायतका हरेक क्षेत्रमा कमजोर , उपेक्षित र दुखदायीअवस्था रहेको छ । शिक्षित महिलाहरुले आफु र आफ्नो परिवारलाई सूमार्गमा

लाने परिकल्पना गरीए पनि उनिहरु स्वम नै चुला चौका, डोको, हसिया र कुटो कोदालोको परिधिबाट बहिर आउन सकेका छैन् ।

सिरहा जिल्ला गोलबजार न.पा. वाडा नं.२तेतरीया गाउँका महिलाहरुको शैक्षिक तथा समाजिक आर्थिक अवस्थाको बारेमा अवलोकन गर्दा निष्कर्षमा पुगिएको छ ।

- यस क्षेत्रका महिलाहरु विशेष गरी शिक्षाको सुनौलो अवसरबाट बञ्चित नै देखिन्छ । अहिलेको समयमा चाहिँ आफ्ना नानीहरुलाई विद्यालय पठाउनु पर्छ भन्ने केहि चेतना भएको पाईन्छ ।
- प्रायः गरेर प्रौढ अवस्थाका महिलाहरु निरक्षर छन् जो कृषि पेशामा लागेको पाईन्छ ।
- अशिक्षा र चेतनाको कारण त्यहाँको मनिसहरुले पुरानो मुल्य, मान्यतालाई निरन्तरता दिदै आईरहेको पाईन्छ जस्तौ जातिय छुवाछुत, मैथिली समुदायमा महिलाहरु घुम्टो लागउने, घर भन्दा बाहिर काममा नजाने अथवा जान नहुने जस्ता संस्कारहरु रहेकाछन् ।
- शिक्षाको कमिले नै त्यहाँका महिलाहरु आयमुलक काममा नलागेर परम्परागत कृषिमा नै लागेका पाईन्छ ।
- मैथली जातिमा घरमा कुनै घरयासी काममा निर्णय गर्नुपर्दा पुरुषले नै निर्णय गरेको पाईयो भने अन्य जातिमा दुबै मिलि निर्णय गर्ने पाइयो ।
- शिक्षित महिला पनि कृषि पेशामा नै वढी लागेको पाईयो ।
- सम्पतिमा महिलाको स्वामित्व नगण्य नै छ ।
- कतिपय घरपरिवारमा छोरा छोरी बिच भेदभाव गरेको पाईयो जस्तो छोरालाई बोडिङ्ग स्कुलमा पढाउने, घरयासी काम गर्न नदिने, बाहिर पढन पठाउने भने छोरीलाई सरकारी स्कुलमा पढन पठाउने , घरयासी काममा वढी लगाउने , बाहिर उच्च शिक्षा हासिल गर्न नपठाउने जस्ता भेदभाव गरेको पाईयो ।

– अशिक्षा र चेतना कै कारणले छोरीहरुलाई सानै उमेरमा विवाह गरीदिने भएका कारण छोरीहरुले उच्च शिक्षा हसिल गर्नेको संख्या कम पाईयो ।

– शिक्षित महिलाहरुले ने आफ्नो परिवारलाई सूर्मागमा लाग्न सहयोग गर्छ भन्ने कुरा त्यस गाउँका महिला वर्गले केहि हदसम्म बुझेको र शिक्षालाई महत्व दिन थालेको पाईन्छ । जसको फलस्वरुप कृषिमा पनि आधुनिकीकरण हुदै गएको पाईन्छ ।

## सन्दर्भ सूची

अर्याल भोजेन्द्र, *लैङ्गिक अध्ययन,*काठमाण्डौ :दिक्षान्त पुस्तक प्रकाशन, कीर्तिपुर,।

आचार्यडा. सुशन, *शैक्षिक श्रृखला,* वर्ष १ अंक ३  २०६१ प्रकाशक लक्ष्मी कट्टेल ।

आचार्यडा. सुशन,*शिक्षक शिक्षा* २०६२ वर्ष ३ अंक १ अषाढ प्रकाशक शैक्षिक

खनालश्रीमति लीला, *शिक्षक सन्देश* अंक १ , २०६२, प्रकाशक नेपाल राष्ट्रिय शिक्षक संगठन ।

गम्भीर बहादुर हाडा, *शिक्षा जगतको बार्षिक पत्रिका शिक्षा* वर्ष २०५७ ।

गा.वि.स. प्रफाईल सिरहा (२०७५)

जनशक्ति विकास केन्द्र सानोठिमी भक्तपुर

न्यौपानपुण्यप्रसादे, *महिला शिक्षा* २०६० असार ।

नकमीसुदर्शन, *शैक्षिक अन्नयन* वर्ष ६, २०६१, कार्तिक, प्रकाशक शैक्षिक प्रवर्धन केन्द्र नेपाल ।

बराल खगराज, (२०६५) *शिक्षक शिक्षा,*

भट्टराई रमेश ,*शैक्षिक स्मारिका* राष्ट्रिय शिक्षा दिवस २०६४ ।

भट्टराई ज्ञानेश्वर ( २०५६) *शिक्षा सेवा दिगदर्शन,*काठमाण्डौ : प्रकाशक विद्यार्थी पुस्तक भण्डार ।

मल्लिक विद्याधर ,*शैक्षिक ज्योति* २०६० असोज, कार्तिक ।

*महिला शिक्षा गतिविधि* २०७४ ।

शर्मागोपालनाथ, *नेपालमा शिक्षाको इतिहास,* भाग-१, काठमाडौ मकालु प्रकाशन गृह ।

*शिक्षा जगतको* पत्रिका वर्ष २०६४ पौष ।

सिलवाल प्रकाश , *गोर्खापत्र* २०६७ पौष ९ शुक्रबार ।

सिलवाल प्रकाश , *गोर्खापत्र* २०६७ पौष ९ शुक्रबार ।

सिलवाल प्रकाश , *गोर्खापत्र* २०६७ पौष ९ शुक्रबार ।

श्रेष्ठडा. केशवकुमार,चौलागाई तिलकप्रसाद ,सापकोटा केशवराज , २०६७, *लैङ्गिक अध्ययन* : काठमाडौ ।

Dr. Meena, Acharya. [1994]. Education Women in Urban Nepal

Pushpa, Shresth.[1995]. Women and Empowerment.

Strtus of Women in Nepal

Strtus of Women in Nepal Volume 2 Part 1

Strtus of Women in Nepal Volume 4 Part 2

अन्तरवार्ता

अनुसुची १

१. उत्तरदाताको नामः-

२. जात :-

३. उमेर :-

४. लिङ्ग :-

५. उमेर :-

६. शैक्षिक योग्यता :-

७. बैबाहिक अवस्था :-

क) विवाहित (  ) ख) अविवाहित ( ) ग) विधुवा (  ) घ. पारपाचुके (  )

ङ) छुट्टिएको (  )

८. मुख्य पेसाः-

९. साहायक पेसाः-

१०. मासिक आम्दानीः-

११. परिवारको संख्या :-

१२. अंचल :-

| क.सं. | नाम थर | घरमुली संगको नाता | लिङ्ग | उमेर हाल पुरा गरेको | शैक्षिक योग्यता | पेशा | मासिक आम्दानी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**शैक्षिक गतिविधि सम्बन्धी विवरण**

१. तपाईले पढनु भएको छ कि छैन् ?

(क) छ (ख) छैन्

२. तपाईले कति पढनु भएको छ?

(क) प्रा.वि. (ख) नि.मा.वि. (ग) मा.वि. (घ) उच्च शिक्षा

३. तपाईले किन नपढनु भएको?

४. तपाईले पढाई किन छोडनु भएको?

(क) घरबाटै नपढाईदिएर

(ख) काम गर्नुपर्नेभएर

(ग) ईच्छा नभएर

(घ) स्कुल टाढा भएर

(ङ) छोरीले पढनु पर्दैन् भनेर

(च) पढाईको महत्व नबुझ्रेर

५. सामाजमा हुने शैक्षिक गतिविधिमा तपाईको चासो कस्तो छ?

(क) धेरै नै छ । (ख) अलिकति छ । (ग) छैन ।

६. तपाईका बच्चाहरु स्कुल जाँन्छन् कि जाँदैनन् ?

७. जान्छन् भने कसरी पढाउनु हुन्छ?

८. जाँदैनन् भने किन जादैनन्?

९. तपाईको घरबाट सबैजना एउटै स्कूलमा पढ्छन् कि फरक स्कुलमा पढ्छन्। किन?

(क) एउटै स्कूलमा (ख) फरक स्कूलमा

१०. किन फरक स्कूलमा ?

११. स्कूलजाने केटाकेटीहरु आयमुलक काममा लागेका छन्?

(क) छैनन् (ख) छन्

१२. छोरी कति (    ) छोरा कति (    )

१३. बच्चाहरु स्कुल जान मान्छन् वा मान्दैनन्?

(क) मान्छन्            (ख) मान्दैनन्

१४. घरयासी काममा छोरा वा छोरी कसले बढी सघाउँछन्?

(क) छोरा    (ख) छोरी

१५. छोरी मान्छेहरु फुर्सदको समय कसरी बिताउँछन्?

१६. स्कुल जान उमेरको बच्चाहरुको बारेमा

| अवस्था | केटा | केटी |
|---|---|---|
| हाल स्कूल गइरहेको (प्राइभेट) | | |
| हाल स्कूल गईरहेको (सरकारी) | | |
| पहिला स्कूल गई हाल छोडेको | | |
| कहिले स्कूल नगएका | | |

**आर्थिक गतिविधि सम्बन्धि विवरण**

१. तपाईसँग जग्गा जमिन कति छ?

क) विगहा    ख) कट्ठा    ग) धुर    घ) छैन्

२. तपाईसँग कस्तो प्रकारको जग्गा छ?

क) अबल    ख) दोयम    ग) सिम    घ) चाहार

३. कृषि उत्पादन कस्तो छ?

क. राम्रो    ख) नराम्रो    ग) ठीकै

४. तपाईको परिवारको आर्थिक आम्दानी कति हुन्छ?

५. तपाई दैनिक कति समय काम गर्नु हुन्छ?

६. परिवारमा कमाउनेको संख्या कति छ?

७. बच्चाहरुले कुन कुन काममा सघाउँछन?

क) घरायसी    ख) कमाई    ग) खेती    घ) अन्य

८. कुनै पनि काम गर्नु पर्दा निर्णय कसले गर्छ?

९. परिवारमा कोही बेरोजगारी हुनुहुन्छ?

क) छन् ख) छैन्

१०. बच्चाहरुले कमाउनुपर्ने अवस्था छ कि छैन्?

क) छन् ख) छैन्

११. पारिवारिक शिक्षामा कुल आम्दानीको कति प्रतिशत रकम खर्च गर्नुहुन्छ?

क) प्रतिशत

**समाजिक गतिविधि सम्बन्धि विवरण**

१. समाजमा तपाईहरुको भूमिका कस्तो छ?

(क) राम्रो (ख) ठिकै (ग) नराम्रो

२. तपाईहरु छोरीलाई अंश दिनुहुन्छ कि हुन्न?

(क) दिन्छु (ख) दिंदिन्

३. छोरीलाई अंश दिनु हुन्न भने किन दिनुहुन्न्?

४. तपाईहरुले छोरीलाई दाईजो दिनुभएको छ कि छैत्

(क) छ (ख) छैन्

५. छोरीलाई घरभन्दा बाहिर पढन पठाउनु हुन्छ कि हुन्न?

(क) पठाउँछु (ख) पठाउँदिन

६. पठाउनु हुन्न भने किन पठाउनु हुन्न?